# अध्याय एक

## परिचय

यस अध्यायमा अध्ययनको पृष्ठभूमि अध्ययन क्षेत्रको सन्दर्भ, समस्याको कथन, अध्ययनको औचित्य, अध्ययनको उद्देश्य, अध्ययनको परिसिमाङ्कन र सम्बन्धित शब्दावलीको परिभाषा समावेश गरिएको थियो ।

### १.१ अध्ययनको पृष्ठभूमि

अध्ययनको पृष्ठभूमिलाई प्रष्ट गर्नको लागि अध्ययनको सन्दर्भ र अध्ययन क्षेत्रको सन्दर्भलाई समावेश गरिएको थियो ।

### १.१.१ अध्ययनको सन्दर्भ

नागरिक शिक्षाको उद्देश्य जीवनयापन गर्न सक्ने असल नागरिक निर्माण गर्नु रहेको छ । राष्ट्र, राष्ट्रियता, लोकतन्त्र, मानव अधिकार प्रति सम्मान गर्ने समालोचनात्मक तथा रचनात्मक सोच भएका स्वाभिमानी तथा अरुलाई सम्मान गर्ने र आफू नेपाली भएमामा गौरव गर्ने नागरिक तयार गर्ने नागरिक शिक्षाको उद्देश्य हो । नागरिक शिक्षाको ज्ञानले व्यक्तिमा उपयुक्त आचरण, बानी व्यवहार, अनुशासन, कर्तव्य, उत्तरदायित्व जस्ता अपरिहार्य कुराको बोध गराउँछ । तसर्थ वर्तमान समयमा आएर नागरिक शिक्षाको महत्व बढ्दै गएको छ ।

नागरिक शब्दको उत्पत्ति प्राचीन राज्य ग्रीसबाट शुरु भएको भन्ने पाइन्छ । प्राचीन ग्रीसमा स-साना नगर राज्यहरुमा त्यहाँ बस्नेलाई नागरिक भन्ने गरिन्थ्यो । त्यसैबेला नागरिक जीवनको अध्ययन गराउनको लागि नगरबासीहरुलाई मात्र सीमित गरिएको थियो । मुलुकभित्र बस्ने सम्पूर्ण व्यक्तिहरुलाई त्यस देशको नागरिक मानिन्छ । नागरिक शास्त्रलाई स्पष्ट पार्नु पर्दा, नगरमा बस्नेलाई नागरिक, एवं शास्त्रलाई ज्ञानको भण्डार, अर्थात, नागरिकसँग सम्बन्धित ज्ञान भनिन्छ । नगर वा राष्ट्रमा बस्ने नागरिकहरुलाई सामाजिक समानता र न्यायबारे चिन्तन गर्दै, तदअनुरुपको आचरण विकास गर्ने र समावेशी समाज निर्माणमा मद्दत गर्ने योग्य व्यक्ति बनाउनु नागरिक शास्त्रको मुल लक्ष्य मानिन्छ ।

वर्तमान समयमा नागरिक शास्त्रको अर्थ समाजसँग सम्बन्धित सामाजिक जीवनको अध्ययन नै नागरिक शास्त्र हुन गएको प्रष्ट हुन्छ । नागरिक शिक्षा प्राप्त गरेको व्यक्तिमा असल बुद्धि, विवेक, पारस्परिक सहयोग, प्रेम, संहिष्णुता, सामाजिक भावना, असल मित्रता, असल बानी व्यवहार,

कर्तव्यपूर्णता जस्ता गुणको विकास हुन्छ । अनि आफ्नो मौलिक हक अधिकार एवं मताधिकारको सहि प्रयोग गर्न सक्ने सामर्थ्य प्राप्त हुन्छ ।

वि.सं १९५८ सालमा नेपालमा सर्वप्रथम पाठ्यक्रम र पाठ्यपुस्तक लेख्ने मानवतावादी दार्शनिक जय पृथ्वीबहादुर सिंह हुनुहुन्छ । उहाँका विचारलाई हृदयङ्गमन गरी वर्तमान नेपालको शिक्षा प्रणालीलाई सभ्य, सुसंस्कृत बनाउने उद्देश्यले विद्यालय तहका लागि नागरिक शिक्षाको पाठ्यक्रम निर्माण भएको छ । निम्न माध्यमिक तहमा नागरिक तथा नैतिक शिक्षा २०६० सालबाट अनिवार्य विषयकै रुमपा पचास पूर्णाङ्क कायम गरी अध्ययन अध्यापन गराउँदै आएको पाइन्छ । माध्यमिक तहको हकमा नेपालको वर्तमान संविधानद्वारा सुरक्षित मानव अधिकार तथा शिक्षामा समान अवसर प्रदान गर्ने अभिप्रायले राष्ट्रिय शिक्षा आयोगको प्रतिवेदन २०४९ र उच्च स्तरीय राष्ट्रिय शिक्षा आयोग २०५५ को सुझावद्वारा माध्यमिक तहको पाठ्यक्रममा ऐच्छिक नागरिक शास्त्रको रुपमा अध्ययन गराउन निर्देशित गरेको छ । नागरिक चेतना अभिबृद्धि गर्ने उद्देश्यले नागरिक शास्त्रलाई ऐच्छिक विषयको रुपमा समेटिए पनि नागरिक शास्त्रलाई महत्वका साथ अध्ययन अध्यापन भएको पाइँदैन । नेपालको दश वर्षको द्वन्द्व एवं २०६२।०६३ को दोस्रो जन आन्दोलन पश्चात् नेपालका राज्यको पुर्नसंरचना, संविधान निर्माण, संघीय शासन पद्धति, समावेशीकरण जस्ता प्रक्रियाहरुको विकासको चर्चा भइरहेको छ । दोस्रो जन आन्दोलन २०६३ पश्चात् निर्माण भएको अन्तरिम संविधान २०६३ र तीन वर्षे अन्तरिम योजना (२०६४।६५-२०६६।०६७) ले मानव अधिकार, शान्ति, सुशासन, विकेन्द्रीकरण समावेशी विकास र द्वन्द्व पछिको पुर्नः निर्माणमा विशेष जोड दिइएको छ । औपचारिक एवं अनौपचारिक रुपमा शिक्षा मार्फत् शान्ति, मानव अधिकार र नागरिक शिक्षाको सन्देशहरु नागरिक समक्ष पुऱ्याउने उद्देश्यले आर्थिक वर्ष २०६५।०६६ देखि विभिन्न कार्यक्रमहरु सञ्चालन गरिँदै आएको छ ।

दोस्रो ऐतिहासिक जनआन्दोलन (२०६२/०६३) र लोकतन्त्र प्राप्तिपछि कक्षा १० को पाठ्यक्रमका आधारमा मात्र प्रवेशिका परीक्षा लिन शुरु गरिएको सन्दर्भमा नागरिक विषयको पाठ्यक्रम परिमार्जन र सुधार गरिएको छ । जसमा शिक्षक, प्राध्यापक, बुद्धिजीवी र राजनीतिक तथा विद्वत वर्गको राय र सल्लाहलाई आधार मानी संघीय लोकतान्त्रिक गणतन्त्र, सामाजिक मूल्य मान्यताको आधारमा समयानुकूल नागरिक चेतना अभिबृद्धि गर्न सक्ने उद्देश्यले पाठ्यवस्तुहरु समावेश गरी नागरिक शास्त्र कक्षा ९ र १० को पाठ्यक्रम परिमार्जन गरिएको छ ।

### १.१.२ अध्ययन क्षेत्रको सन्दर्भ

अध्ययन क्षेत्रको पृष्ठभूमि भन्नाले आफूले अध्ययन गर्ने क्षेत्रको बारेमा दिइने परिचय हो । जसले गर्दा अध्ययन कर्ता कुन स्थानमा गएर आफ्नो अनुसन्धान कार्य सम्पन्न गरेको रहेछ भन्ने कुरा अवगत गराउँछ  कुनै पनि अनुसन्धान कार्यलाई उद्देश्य उन्मुख बनाई अध्ययन गर्नका लागि आधारका रुपमा एउटा अध्ययन क्षेत्रको आवश्यकता पर्दछ । जसका लागि यहाँ नवलपरासी जिल्लाको गैंडाकोट गा.वि.स. लाई छनोट गरिएको थियो ।

नेपालकै मध्य भागमा अवस्थित नवलपरासी जिल्लमा वि.सं. २०५८ को जनगणना अनुसार जनसंख्या ५६२८७० रहेको छ । जसमा पुरुषको संख्या २७८२५७ र महिलाको संख्या २८४६१३ रहेको छ । नवलपरासी जिल्लाको साक्षरता प्रतिशत ५३.३ प्रतिशत रहेको छ । नवलपरासी जिल्लामा ७३ गाविस र १ वटा नगरपालिका रहेकोमा अनुसन्धानको लागि गैंडाकोट गाविसलाई छनोट गरिएको थियो । यस गा.वि.स. मा बसोबास गर्ने मानिसहरु मिश्रित जातजातिका रहेका छन् । यहाँ बसोबास गर्ने विभिन्न जातजातिहरुमा क्षेत्री, ब्राह्मण, दलित, माझी, बोटे, मगर, दराई, कुमाल आदि जातजातिहरुको बाहुल्यता रहेको छ । यस गा.वि.स.मा ४ वटा सामुदायिक र ७ वटा संस्थागत मा.वि. रहेका छन्

### १.२ समस्याको कथन

यस अध्ययन अनुसन्धानको शिर्षक "नागरिक शिक्षाको दृष्टिले माध्यमिक विद्यालयमा गरिएका अभ्यासहरु" रहेको छ । जुन शिर्षक नै समस्याको कथन हो । नागरिक शिक्षालाई उद्देश्य अनुरुप अध्ययन अध्यापन गराउन शिक्षा ऐन, नियमावली, समुदाय शिक्षक, अभिभावक, विद्यार्थीहरु, सरोकार वालाहरु आदिबाट भए गरिएका प्रयासहरुको खोजी गर्नु उनीहरुको विचार तथा अवधारणाहरु पत्ता लगाउनुसँग यो अध्ययन सम्बन्धित रहेको छ । यस अध्ययनसँग सम्बन्धित समस्याहरुलाई प्रश्नका रुपमा निम्नानुसार प्रस्तुत गरिएको छ ।

(क) विद्यालय तहको नागरिक शिक्षासँग सम्बन्धित नीतिगत प्रावधानहरु के-के हुन् ?

(ख) नागरिक शिक्षाको लागि विद्यालयको पाठ्यक्रम र पाठ्यपुस्तकमा समावेश भएका विषयवस्तुको क्षेत्रहरु के-कस्ता छन् ?

(ग) नागरिक शिक्षाका सन्दर्भमा विद्यालयले के-के क्रियाकलापहरु गरिरहेका छन् ?

(घ) उक्त क्रियाकलापहरु कसरी संचालन गरिरहेका छन् ?

(ङ) उक्त क्रियाकलापहरु सञ्चालन गर्नुका कारणहरु के-के छन् ?

(च) नागरिक शिक्षा सम्बन्धी सरोकारवालाहरुको धारणा के के छन् ?

## १.३ अध्ययनको औचित्य

प्रत्येक अध्ययन अनुसन्धानको आ-आफ्नै औचित्य हुन्छ । विद्यालय तहमा नागरिक शिक्षाको पनि आफ्नै प्रकारको महत्व रहेको छ । नागरिकले आफ्नो अधिकार र कर्तव्यको सहि तरिकाले पालना गर्नु, नागरिक चेतनालाई ह्रास हुन नदिनु, लोकतान्त्रिक संघिय गणतन्त्रको मूल्य मान्यता अनुरुप विश्वबन्धुत्वको वातावरण सिर्जना गरी श्रम प्रति आस्थावान नागरिक तयार गर्नु, असल विचार सहयोगी तथा मिलनसार आचरण निर्माणका लागि नागरिक शिक्षाको औचित्य सम्पूर्ण तहका विद्यालयमा रहेको हुन्छ ।

क) सैद्धान्तिक औचित्य

यस अध्ययन ले सहिष्णुता, असल सामाजिक भावना, राष्ट्र र राष्ट्रियताप्रति चिन्तनशिल, मताधिकारको सहि सदुपयोग, सामाजिक प्राणिको दायित्व बोध गराउने शिक्षा प्रदान गर्दछ ।

ख) व्यवहारिक औचित्य

-असल नागरिकले पालन गर्नुपर्ने क्रियाकलापबारे स्पष्ट पार्दछ ।

-विद्यालय तहमा नागरिक शिक्षाका लागि भईरहेका क्रियाकलापलाई स्पष्ट पार्दछ ।

## १.४ अध्ययनको उद्देश्य

यस अध्ययनमा तपसिल बमोजिमका उद्देश्यहरु राखिएको थियो :

(क) नागरिक शिक्षाका लागि गरिएका नीतिगत प्रावधानहरु पहिचान गर्नु ।

(ख) नागरिक शिक्षाका लागि पाठ्यक्रम, पाठ्यपुस्तकमा समावेश गरिएका विषयवस्तुका क्षेत्रहरु पहिचान गर्नु ।

(ग) नागरिक शिक्षाका लागि विद्यालयले गरेका कार्यहरु पहिचान गर्नु ।

## १.५ अध्ययनको सिमाङ्कन

अध्ययन गर्नु पुर्व अध्ययनका लागि क्षेत्र, परिवेश र सामाग्रीहरुको पहिचान गर्नुपर्ने हुन्छ । समयको सीमितता, आर्थिक समस्या, भौगोलिक विकटता आदिका कारणले अध्ययनको सम्पूर्ण पक्षलाई समेट्न सकिँदैन । तसर्थ अध्ययनको व्यापकतालाई निश्चित क्षेत्रमा सीमित गर्नुपर्ने हुन्छ । यही कुरालाई आत्मसात गर्दै प्रस्तुत अध्ययनलाई पनि निम्न लिखित सिमामा आवद्ध गरेर अध्ययनलाई पूर्णता दिईएको थियो ।

(क) यस अध्ययन नवलपरासी जिल्लाको गैडाकोट गा.वि.स.मा सीमित गरियो ।

(ख) उक्त गा.वि.स.का दुई वटा माध्यमिक विद्यालयको कक्षा ९ र १० मा सीमित गरियो ।

(ग) यो अध्ययन नागरिक शिक्षाका लागि गरिएका सकारात्मक प्रयासहरुमा मात्र सीमित गरियो ।

(घ) अध्ययनमा शैक्षिक सत्र २०६८ सालमा अध्ययनरत विद्यार्थी, कार्यरत शिक्षकहरु, विद्यालय, व्यवस्थापन समिती, विद्यालय निरिक्षक, स्रोत व्यक्ति र विषय विशेषज्ञमा मात्र समेटिएको थियो ।

(ङ) अध्ययन नागरिक शिक्षाको ऐच्छिक विषय र सामाजिक, स्वास्थ्य जनसंख्या तथा वातावरण अर्थशास्त्र, विज्ञान र नेपाली विषयहरुमा सम्मिलित नागरिक शिक्षाका विषयवस्तुहरुमा आधारित गरिएको थियो ।

## १.६ सम्बन्धित शब्दावली को परिभाषा

माध्यमिक विद्यालय = कक्षा ९ र १० लाई जनाउँछ ।

नागरिक शिक्षा = आफ्नो अधिकार र दायित्वप्रति सचेत भई सो अनुसारको व्यवहार गर्न सक्षम बनाउने शिक्षालाई नागरिक शिक्षा भनिन्छ ।

विशेषज्ञ = विशेषज्ञ भन्नाले नागरिक शिक्षा वा अन्य विषयमा विशेष ज्ञान प्राप्त गरेका व्यक्तिलाई भनिन्छ ।

सरोकारवाला = अध्ययनसँग सम्बन्धित वा अध्ययनबाट प्रत्यक्ष लाभ प्राप्त गर्ने व्यक्तिहरुलाई भनिन्छ ।

# अध्याय दुई

## पूर्व साहित्यको समीक्षा

कुनै पनि अध्ययन अनुसन्धान कार्य थाल्नु अगाडि यस क्षेत्रमा विगतमा के कस्ता खोज तथा अनुसन्धान भएका छन् । त्यस्ता अनुसन्धानको जानकारी हुनुपर्ने हुन्छ । त्यसको अध्ययन जरुरी हुन्छ । पूर्व साहित्यको समिक्षाले अनुसन्धान कर्तालाई उक्त खोजका विषयमा सफलता प्राप्त गर्न र बाटो देखाउन मार्ग निर्देशन गर्दछ । पूर्व साहित्यको समीक्षाले अध्ययन कार्यलाई सरल बनाउन सहयोग प्रदान गर्ने हुँदा यसलाई महत्वपूर्ण मानिन्छ ।

### २.१ सैद्धान्तिक आधार

प्राचीन समयमा नागरिक शास्त्रलाई नैतिक शास्त्रको रुपमा लिइन्थ्यो । नैतिक शास्त्रमा नीतिगत व्यवस्थाहरु समेटिका हुन्थे । नैतिक शास्त्रका कतिपय विषयवस्तुहरु नागरिक शिक्षाका विषयवस्तुहरुमा परेको पाइयो । त्यति बेला नागरिक शिक्षा धार्मिक शिक्षासँग जोडिएको पाइन्छ । ग्रीसकालीन समाजबाट नागरिक शास्त्रको शुरुवात भएको पाइन्छ ।

प्रो. गेटेलले भनेका छन् : "नागरिक समाजका सदस्य ति व्यक्तिहरुलाई भनिन्छ जो कुनै कर्तव्यद्वारा त्यो समाजसँग बाँधिएका छन् । जो त्यसको प्रभुत्वलाई स्वीकार गर्दछन् र त्यसबाट समान रुपमा लाभ उठाउँदछ ।" त्यसैगरी बेटलका अनुसार नागरिकसमाजका ती सदस्यहरुलाई भनिन्छ । जसलाई समाजको अधिपत्य मान्नु पर्दछ ।

आजको मानव आफ्नो अधिकार र न्याय तथा स्वतन्त्रता खोजि राखेको छ । विश्वमानचित्रमा नै स्वतन्त्र भएर जिउन चाहन्छ । त्यस्तो नागरिक लाई स्वतन्त्र नागरिक भनिन्छ । यस्तो नागरिकले आफ्नो नैसर्गिक अधिकारको मान्यता अनुरुप विश्वमा स्वतन्त्रता, न्याय र शान्तिपुर्ण वाताबरण सिर्जना हुने वताएको छ ।

संयुक्त  राष्ट्र संघको बडापत्र (१९६६) को धारा ४९ मा उल्लेख भएअनुसार प्रत्येक नागरिक मानव अधिकार र नैसर्गिक अधिकारको पालनाको लागि प्रयास गर्ने उत्तरदायित्व रहनेकुरा उल्लेख गरेको छ । घोषण पत्रमा उल्लेख भएअनुसार प्रत्येक मानव सदस्यहरु मानवअधिकारका अन्तर्निहित मर्यादा तथा नैसर्गिक अधिकारको मान्यता नै विश्वमा स्वतन्त्र, न्याय र शान्तिको आधार हुने उल्लेख छ । विश्वमानव भय तथा अभावबाट मुक्त भै स्वतन्त्रता चाहन्छ । प्रत्येक व्यक्तिले आफ्ना राजनीतिक, आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकार, नागरिक अधिकार प्राप्ती संगै पुराहुने  उक्त बडापत्रमा उल्लेख छ । साथसाथै

मानव अधिकार तथा स्वतन्त्रताको विश्वव्यापी सम्मान एवं पालनालाई प्रवर्द्धन गर्ने दायित्वको विचार र विवेकपुर्ण प्रयासको जरुरी हुने कुरा उक्त घोषणा पत्रमा उल्लेख गरिएको छ ।

अमेरिकन सेण्टर ( SPCE 2002) को अध्ययनले नागरिक शिक्षा सम्बन्धी केहि निचोड निकालेको छ । ति तथ्यहरुले विद्यालयमा नागरिक ज्ञान प्रदान गर्न सहयोग गरेको छ । उक्त अध्ययन गर्दा केहि साझा मूल्य मान्यता पत्ता लागेको छ । जसले विद्यार्थी शिक्षक अविभावक र अन्य सरोकार वालाहरुलाई नागरिक ज्ञान प्रदान गर्न सहयोग गर्दछ । प्राप्त मूल्य मान्यताहरु यस प्रकार छन्-

- सहनशीलता
- सहानुभूति
- ठूलालाई आदर
- सानालाई माया
- सहकार्य
- सत्यवादीता
- इमान्दारिता
- अहिँसावादीता
- अग्रज प्रति आदरभाव
- विश्वबन्धुत्वको भावना
- सहृदयीपन

Standard Encyclopedia of philosophy मा नागरिक शिक्षालाई राजनिति संग सम्बन्धित शिक्षा भनेर बताईएको छ ( http;//plato.standard.edu.//) । जसले नागरिक सहभागिताको लागी आवश्यक ज्ञान, सिप र धारणा प्रदान गर्दछ । राजनितिक ब्यवस्था जस्तो छ त्यस्तै अनुसारको नागरिक शिक्षाको ब्यवस्था हुन्छ । राजनीतिक ब्यबस्था अनुसार राज्य संचालित भएको हुन्छ । राज्य सञ्चालन ब्यावस्था निरंकुश, दमनात्मक र प्रजातान्त्रिक बिभिन्न प्रकारको हुन्छ । निरंकुश एवम् दमनात्मक प्रकृतिको राजनीतिक ब्यवस्थामा नागरिक शिक्षा पनि दमनात्मक एवम् लाद्ने प्रकृयाले प्रदान गरिन्छ । यस्तो ब्यवस्थामा राज्य नियन्त्रित नागरिकको कल्पना गरिएको हुन्छ । तर प्रजातान्त्रिक राज्य ब्यवस्थामा नागरिक शिक्षाले स्वतन्त्रता र मानव अधिकारलाई प्राथमिकता दिएको हुन्छ । यसरी प्रजातान्त्रिक राज्य ब्यवस्था भएको राष्ट्रमा स्वतन्त्र र राष्ट्रभावनाले परिपुर्ण नागरिक उत्पादन गर्ने खालको नागरिक शिक्षा प्रदान गरिन्छ । दमनात्मक विधि अनुसार परम्परागत, एकलवादी र शिक्षक केन्द्रित हुन्छ जसमा सम्पुर्ण शिक्षण क्रियाकलाप शिक्षक नियन्त्रित हुन्छ तर प्रजातान्त्रिक प्रक्रियामा शिक्षण बिद्यार्थी केन्द्रित हुन्छ ।

समाजवादी सिद्धान्त अनुसारको राज्य ब्यवस्था पनि दमनात्मक र सहभागितामूलक गरी दुई धारवाट चलेको हुन्छ । दमनात्मक सामाजिक ब्यवस्थामा पनि नागरिक राज्यनियन्त्रित रहनुपर्नेमा जोड दिएको हुन्छ । राज्य द्वारा प्रदत्त निर्णयहरु अनिवार्य रुपमा नागरिकले पालन गर्नुपर्ने हुन्छ । दमनात्मक समाजवाद द्वारा सञ्चालित राज्यमा राज्य नियन्त्रित नागरिक तयार पार्ने नागरिक शिक्षा प्रदान गरिएको

हुन्छ । तर प्रजातान्त्रिक समाजवादमा स्वतन्त्रता र मानव अधिकार र विधिको शासनमा जोड दिएको हुन्छ । स्तन्त्रता र मानव अधिकार, राष्ट्र र राष्ट्रियता प्रति सचेत नागरिक तयार गर्ने उद्देश्यले नागरिक शिक्षा प्रदान गरिएको हुन्छ ।

प्रसिद्ध प्रगतिवादी दार्शनिक जोन डिवे का अनुसार प्रगतिवादले कार्यप्रति बफादार नागरिक तयार हुन् भन्ने चाहन्छ । विचारलाई भन्दा कार्यलाई प्रगतिवादले मान्यता राख्दछ । प्रगतिवादीहरु शिक्षा वालवालिकाको रुची क्षमता एवम् प्रवृति अनुसार निर्धारण गरिनुपर्दछ । जसले उनीहरुको व्यक्तित्व विकासमा प्रत्यक्ष सहयोग पुऱ्याओस । शिक्षाले वालवालिका लाई स्व-प्रेरित क्रियाकलाप गर्न, आत्मनिर्भर भई जिवन निर्वाह गर्न, समाजमा प्रजातान्त्रिक वातावरण एवं सद्भावना कायम गर्न तथा स्वस्थ सामाजिक जिवन निर्वाह गर्न सक्ने तुल्याउनु पर्दछ भन्दछन् ।

निर्माणवादले समाजप्रति उत्तरदायि नागरिकको चाहना राख्दछ । आफ्नो व्यक्तित्व बिकास गरी राष्ट्र निर्माणमा दृढ संकल्पित नागरिक निर्माण गर्ने चाहना निर्माणवादले गर्दछ । निर्माणवादी विद्वान Vygotsty को भनाईमा वालकले समाजवाट ज्ञान सिक्दछ ।

यसरी नागरिकलाई सामाजिक जीवन सरल बनाउन एवं राष्ट्र र राष्ट्रियता प्रति सजक गराउन, स्वावलम्बी, नैतिकवान, आत्मनिर्भर बनाउन राज्यको जिम्मेवार निकायबाट प्रदान गरिने शिक्षालाई नागरिक शिक्षा भनिन्छ ।

## २.२ विषयगत साहित्य

गौतम, (२००३) यस साहित्य अनुसार नागरिक शिक्षाले नागरिक अधिकार र उत्तरदायित्व प्रति सचेत गराएको छ । असहज परिस्थितिलाई पनि सहज बनाउन सिकाउँछ । मानिसलाई आफ्नो उत्तर दायित्व बहन गर्नपनि सहज वनाउँछ । त्यसैगरी आफ्नो परम्परागत मुल्यमान्यताको संरक्षण गर्न सिकाउँछ । यसमा हरेक देशका नागरिकहरुमा नागरिक सीप र नागरिक गुणको विकास गर्ने कार्य नागरिक शिक्षाबाट आरम्भ हुनु पर्दछ । नागरिक शिक्षाले जिवनको यथार्थतालाई अवगत गराउनको साथै मानवियमुल्य मान्यता एवं धारणाहरुको बारेमा ज्ञान दिने गर्दछ । यसको लागि प्रत्येक बालबालिकाहरु लाई विद्यालयको प्रारम्भिक तहदेखी नै नागरिक शिक्षा उपलब्ध गराउनु पर्दछ । यो साहित्यले अध्ययनको पृष्ठभूमि अन्तर्गत परिचय, महत्व, ऐतिहासिक विकासक्रम र सारांस लेखनको लागि सहयोग गरेको छ ।

कोईराला र आचार्य ( २००२), यसमा नागरिक शिक्षा विकासमा सहयोग गर्न विद्यालयको अवस्था पहिचान गर्नु शिक्षक र विद्यार्थीहरुमा निहित नागरिक चेतना निर्धारित गर्नु , विद्यार्थीमा निहित

नागरिक शिक्षाले अतिरिक्त क्रियाकलापहरुमा गरेको सहयोग निर्धारण गर्नु जस्ता उद्देश्य उल्लेख गरेको छ । यस रिपोर्टले विद्यालयमा गरिएका क्रियाकलापहरु अनुसन्धान गर्न सहयोग गरेको छ ।

भट्टराई, पौडेल र साथीहरु (२०६६) का अनुसार आफुरहेको राजनीतिक समुदायको सदस्यका रुपमा नागरिकका हक र अधिकारका साथै कर्तब्य र दायित्व पनि हुन्छन् । लोकतान्त्रिक समाजको सदस्यका रुपमा त्यस समाजमा आफ्ना अधिकारका साथसाथै कर्तव्य र दायित्वप्रति सचेत भै नागरिकको भुमिका निर्वाहगर्ने शिक्षा नै नागरिक शिक्षा हो । तसर्थ नागरिक शिक्षा जुनसुकै पाठ्यक्रम वा बिषयमा समावेश गर्नु पर्दछ । यस साहित्यले नागरिक शिक्षाको पाठ्यक्रममा समावेश विषयवस्तु पहिचान गर्न सहयोग गरेको छ ।

निम्न माध्यमिक तह अर्थात् कक्षा ६, ७ र ८ मा पचास नम्बर पूर्णाङ्कको नागरिक तथा नैतिक शिक्षा वि.सं. २०६० सालबाट अनिवार्य विषयकै रुपमा अध्ययन, अध्यापन गराउँदै आएको पाइन्छ । भने संविधानले सुरक्षित मानव अधिकार, शिक्षामा समान अवसर प्रदान गर्ने अभिप्राय राखेको छ । राष्ट्रिय शिक्षा आयोगको प्रतिवेदन २०४९ र उच्च स्तरिय राष्ट्रिय शिक्षा आयोग २०५५ को सुझावद्वारा माध्यमिक तहमा नागरिक शिक्षा ऐच्छिक विषयको रुपमा समावेश छ ।

पाठ्यक्रम विकास केन्द्र (२०५९) का अनुसार, कुनै पनि विषयको पाठ्यक्रम विकास गर्दा पाठ्यक्रम विकास परिषद्बाट स्वीकृत पाठ्यक्रम अनुसार पाठ्यपुस्तकको विकास गरिन्छ । पुस्तकको मूल्याङ्कन गर्दा पाठ्यक्रम मूल्याङ्कन कर्ताबाट गोप्य रुपमा छुट्टाछुट्टै मूल्याङ्कन गराइनेछ । जसको फलस्वरुप नागरिक शिक्षा पाठ्यपुस्तकको मूल्याङ्कन प्रक्रिया अपनाउँदा पाठ्यक्रमको उद्देश्य, विद्यार्थीको कक्षा र स्तर, विषय वस्तुको प्रस्तुती र भाषा शैली, पाठ्यपुस्तकको उपयुक्तताको आधारमा गरिन्छ ।

निम्न माध्यमिक शिक्षा पाठ्यक्रम (२०६३) का अनुसार, विद्यालय शिक्षालाई व्यवहारिक र जीवनोपयोगी बनाइ व्यक्तिमा अन्तर्निहित प्रतिभाको प्रस्फुटन र व्यक्तित्व विकासको सम्भावनालाई मानवीय मूल्य एवं सामाजिक मान्यता अनुकूल विकास गरी देश निर्माणका लागि मानव संसाधनको विकास गर्ने र सामाजिकरणका माध्यमले प्राकृतिक वातावरण र राष्ट्रिय सम्पदाको संरक्षण र सदुपयोग गरी सामाजिक एकतालाई सुदृढ बनाउने तथा समाजमा पछि परेका व्यक्तिलाई राष्ट्रिय मूल प्रवाहमा समाहित गर्ने उद्देश्यले विद्यालय तहको पाठ्यक्रम विकास गर्ने प्रक्रिया निरन्तर रुपमा चलिरहेको छ ।

अधिकारी (२०६७), माध्यमिक शिक्षक दिग्दर्शनमा उल्लेख भए अनुसार सामान्य रुपमा हेर्दा रैती, प्रजा, जनता र नागरिक शब्द उस्तै लाग्दछन् तर यी शब्दहरुको अर्थ एउटै छैन । वर्तमान समयमा नागरिक त्यस्तो व्यक्तिलाई मानिन्छ । जो शहरमा होस् या गाउँमा, छोरा होस् वा छोरी जो राज्यको

कामको लागि सदा तत्पर रहन्छ । जहाँ बसे पनि ऊ राज्यको सदस्य हो । गाउँ, शहर जहाँ बसे पनि राज्यको तर्फबाट सामाजिक र राजनैतिक अधिकार प्राप्त नागरिकहरुलाई विवेक, असल बानी, विश्व बन्धुत्व जस्ता गुणहरु विद्यालय तहमा दिइनु पर्दछ, जसले प्रत्येक नागरिकहरुलाई अनुशासित, चरित्रवान्, राष्ट्रिय भावनाले ओतप्रोत र स्वावलम्बी हुन प्रेरणा प्रदान गर्दछ ।

### २.२.१ अन्तर्राष्ट्रिय सन्दर्भको साहित्य

The International Encyclopedia of Education (1995) मा उल्लेख भए अनुसार विस्तृत रुपमा भन्ने हो भने नागरिक शिक्षा भन्नाले नागरिकताको विकास, नागरिकको समाजमा सकारात्मक दृष्टिकोण र सकारात्मक मूल्यमान्यताको प्राप्तिसँग सम्बन्धित छ । नागरिक शिक्षाले सामाजिक संस्कार, सामुहिक सहयोगी भावनामा बृद्धि र सामाजिक सेवामा संलग्न गराई देश र समाजप्रति जिम्मेवार बनाउन सहयोग गर्छ ।

त्यसैगरी नागरिक शिक्षाका विषयवस्तु र क्षेत्रहरु राष्ट्र अनुसार फरक-फरक भएको पाइन्छ । त्यस देशको राजनैतिक पृष्ठभूमिले पनि नागरिक शिक्षामा प्रभाव पारेको पाइन्छ । जुन देश आफ्नो छिमेकी राष्ट्रसँग राजनीतिक र वैचारिक युद्धमा रहेको हुन्छ, त्यस देशको नागरिक शिक्षामा राष्ट्रप्रेम र परम्परागत सभ्यतालाई महत्व दिइन्छ । प्रजातान्त्रिक मुलुकमा प्रजातान्त्रिक मूल्य मान्यतालाई आत्मसात् गर्दै देश विकास, मानव अधिकार स्वतन्त्रता आदि कुरामा जोड दिएको पाइन्छ ।

त्यसैगरी पश्चिमी युरोपेली मुलुकहरुले नागरिक शिक्षालाई विभिन्न तरिकाले व्याख्या गरेका छन् । संयुक्त अधिराज्यको कन्जरभेटिभ पार्टीको सरकारले सन् १९८० देखि १९९० को दशकमा त्यहाँको साँस्कृतिक शिक्षा, सामाजिक चाल चलन र सामाजिक समस्याहरुलाई महत्व दिइएको थियो । त्यसैगरी संयुक्त अधिराज्यले आफ्नो नागरिक शिक्षामा अहिंसा, समान अधिकार, लैङ्गिक समानता, सत्यप्रतिको आदरभाव न्याय र मानवीय त्याग आदि कुरा समेटिएको थियो । अष्ट्रेलियाले पनि नागरिक शिक्षामा अहिंसा, समानता मानव अधिकार, सत्यप्रतिको आदरभाव, न्यायमा नै जोड दिएको छ ।

त्यसैगरी पूर्वी युरोप र सोभियत संघमा सम्बद्ध राष्ट्रहरु तथा प्रान्तहरुमा नागरिक शिक्षाका पाठ्यक्रम तथा पाठ्यपुस्तकहरुमा १९९० ताका वैचारिक सिद्धान्त, प्रजातन्त्र, सहिष्णुता र सामाजिकीकरण जस्ता कुराबाट प्रभावित भएका थिए । त्यसैगरी एसियाका राष्ट्रहरुले नागरिक शिक्षामा राष्ट्रप्रति वफादार, दैनिक जीवनमा आइपर्ने कुराहरु, व्यक्तिगत आचरण तथा कुशल व्यवहार निर्माण गर्ने शिक्षासँग सम्बन्धित छन् । सन् १९५३ को गृहयुद्धपछि दक्षिण कोरियामा शिक्षाको आधार त्यहाँको रितिरिवाज, राष्ट्रियतामा आधारित एवं साम्यवादी विचार विरुद्धमा थियो ।

त्यसैगरी जापानले नागरिक शिक्षामा शान्ति, आर्थिक सम्बृद्धि सँगै धार्मिक शिक्षासँग जोड दिएको छ । दोस्रो विश्वयुद्ध पछि जापानी शिक्षा विद्हरुले शान्ति, सहिष्णुता, राष्ट्रियता, आर्थिक विकासमा आधारित शिक्षामा विशेष प्राथमिकता दिए । जसको माध्यमबाट विद्यार्थीहरुलाई आधुनिक समाज र प्रजातन्त्र, प्रजातान्त्रिक सरकारको संगठन र व्यवस्थापन, आर्थिक र औद्योगिक संरचना जस्ता विषयमा जोड दिइयो । जापानले विश्वबन्धुत्वको भावना र द्वन्द्व विरोधी अभियानमा जोड दिएको छ । त्यसैगरी अफ्रिकाको शिक्षा मन्त्रालयले राष्ट्र विकासको लागि सामाजिक शिक्षा, वातावरणीय प्रभावबाट उत्पन्न समस्या समाधान गर्ने खालका सीपहरुको विकासमा जोड दिइएको थियो ।

संयुक्त राज्य अमेरिका, बेलायत, फ्रान्स जस्ता शक्तिशाली राष्ट्रहरुले आ-आफ्नो धार्मिक, साँस्कृतिक र सामाजिक व्यवहार अहिँसा, लैङ्गिक समानता, सत्यता, भाइचाराको दृष्टिकोण, समता जस्ता पक्षमा नागरिक शिक्षाको भूमिका उल्लेख गरेका छन् ।

नागरिक दैनिक (३२ असार - २०६८) मा विष्णु रिजालको उत्तर कोरियाका अनुत्तरित जिज्ञासा भन्ने लेखमा उल्लेख भए अनुसार उत्तर कोरियाले राष्ट्र र राष्ट्रियताप्रति सचेत गराउन राष्ट्रपति किम इल सुङको इतिहास पढाइन्छ । किम जङ इलले सन् १९९४ मा राष्ट्रपति किम इल सुङ्गको मृत्युपछि सत्ता सम्हाले पनि राष्ट्रपति किम इल सुङलाई नै मानि आएका छन् । त्यहाँ किम जङ इलको महानता बारे सिकाइन्छ । जापानी साम्राज्यवाद विरोधी गीत गाउन लगाइन्छ । अमेरिकी सम्भावित आक्रमण बिरुद्ध सचेत हुने शिक्षा नागरिक शिक्षा अन्तर्गत दिइन्छ । आफ्नो भाषा र देशभक्तिलाई जोड दिएको छ ।

### २.२.२ पाठ्यपुस्तकको समिक्षा

मानिसलाई सामाजिक प्राणी भएर बाँच्नका लागि नागरिक शिक्षा अति आवश्यक छ । मानिसलाई जीवनप्रति उत्तरदायी बनाउन सकारात्मक व्यवहार गर्न अभिप्रेरित गर्न, राष्ट्र र राष्ट्रियता प्रति समर्पित नागरिक तयार गर्न नेपाल सरकारले विभिन्न विषयमा नागरिक सम्बन्धी विषयवस्तु समावेश गरी कार्यान्वयन गर्ने प्रक्रिया अगाडि बढाएको छ । सोही अनुरुप कक्षा १० को सामाजिक शिक्षामा राज्यका अंगहरुको जानकारी, न्यायपालिका, कार्यपालिका व्यवस्थापिका बारे ज्ञान, छुवाछुत, चेलीबेटी बेचविखन, दाइजो, विकासका पूर्वाधार, सांस्कृतिक सम्पदा जस्ता नागरिक शिक्षाका विषयवस्तुसँग मिल्ने गरेको छ ।

त्यसैगरी कक्षा १० को नागरिक शास्त्रमा सार्वभौमिकता, स्वतन्त्रता र समानता, कानुन, नेपालको लोकतन्त्र, जनमत, स्थानीय स्वायत्त शासन र संघीय शासन प्रणाली, परराष्ट्र नीति, दक्षिण एसियाली क्षेत्रीय सहयोग संगठन, संयुक्त राष्ट्र संघ र यसका अंगहरुका बारेमा उल्लेख गरिएको छ ।

यसरी समग्रमा भन्नुपर्दा कक्षा ९ र १० को नागरिक शास्त्रको पाठ्यपुस्तकमा नागरिक अधिकार र कर्तव्य, राज्य, कानुन र संविधान सम्बन्धी विषयहरु र अन्तर्राष्ट्रिय सम्बन्ध आदि विषयवस्तु समेटिएको छ । माध्यमिक शिक्षामा नागरिक शास्त्र समावेश गरी अध्ययन गराउनु उद्देश्य, कानुन सम्बन्धी ज्ञान, कर्तव्य र अनुशासन, राष्ट्र र राष्ट्रियता प्रति सचेत, इमान्दार, विश्वबन्धुत्वको भावनाको विकास जस्ता पक्षको बारेमा ज्ञान प्रदान गर्नु रहेको छ ।

## २.३ सम्बन्धित अध्ययनको समीक्षा

अमेरिकन सेन्टर (SPCE, 2002) का अनुसार नागरिक शिक्षाका बारेमा विभिन्न धारणाहरु दिएको पाइन्छ । ती धारणाहरुका बारेमा भन्नुपर्दा नागरिक शिक्षा र नागरिक अधिकार प्रतिको उत्तरदायित्व वहन गर्नु, असहज परिस्थितिमा समेत नागरिक शिक्षाले मानिसलाई आफ्नो उत्तरदायित्व बहन गर्न सरल र सहज बनाउँछ । आफ्नो र अरुको नागरिक मूल्य मान्यता बीच अध्ययन गर्न सकिन्छ । आफ्नो दैनिक जीवन र उत्तरदायित्व सम्बन्धी ज्ञान प्राप्त हुन्छ ।

शैक्षिक ज्योति नामक द्विमासिक (२०६० मंसिर-पुस) पत्रिकामा प्रकाशित डा. दामोदर ज्ञवालीद्वारा “नेपालमा नागरिक शिक्षा पाठ्यक्रम शिक्षण र अन्य गतिविधिहरु नामक शिर्षकमा लेखिएको लेखमा नागरिक शिक्षाको बारेमा प्रकाश पार्दै भनिएको छ । नागरिक शिक्षाको ग्रीसकालीन अवधारणा संकुचित रहेको कुरा उल्लेख गर्दै नगरमा बस्ने मानिस मात्र नागरिक नभएर गाउँमा बस्ने पनि नागरिक हुन भन्ने कुरालाई प्रष्ट्याउँदै नागरिक शब्दले ग्रामीण क्षेत्रमा बस्नेलाई समेट्नु पर्छ भनिएको छ ।” लेखकले भनेका छन् नागरिक शिक्षा मानव अधिकार शिक्षासँग सम्बन्धित हुने भएकाले यसले विभिन्न महत्वपूर्ण गुणहरु, सामाजिक र नैतिक उत्तरदायित्व समुदायको सहभागिता, राजनीतिक साक्षरता आदिको विकास गराउँछ ।

शिक्षा मन्त्रालय (२०६७) - व्यक्तिलाई असल नागरिकका रुपमा स्थापित गर्न प्रदान गर्ने शिक्षा नै नागरिक शिक्षा हो । यसले मानवीय मूल्य मान्यता अनुरुप आचरण र व्यवहार गर्न सिकाउँछ । नागरिक शिक्षाले व्यक्तिलाई आफ्नो परिवार, समुदाय र राष्ट्रप्रति निर्वाह गर्नुपर्ने भूमिकाको बारेमा पनि सजग र सम्बवेदनशील बनाउँछ । आफ्नो नैतिक मूल्यमान्यताको विकास गरी, समुदायको सदस्य र राष्ट्रको नागरिकको रुपमा आफ्नो उत्तरदायित्व प्रति सजक नागरिक तयार पार्न सहयोग गर्ने शिक्षा नै नागरिक शिक्षा हो । अतः निम्न कारणले गर्दा मानिसलाई नागरिक शिक्षाको आवश्यक पर्छ :

- हरेक नागरिकमा आफ्नो परिवार, समुदाय, समाज, राष्ट्र र विश्व समाजमा आफ्नो जिम्मेवारी बोध गराउन ।

- हरेक नागरिकलाई आफ्नो अधिकार र कर्तव्यप्रति सजग गराउन ।
- प्रत्येक नागरिकमा लोकतान्त्रिक संस्कृति र जीवनशैली विकास गराउन ।
- सामाजिक प्रगति, शान्ति, विश्वबन्धुत्व, आर्थिक प्रगतिमा सहायता गर्न ।
- विभिनन परम्परा, संस्कृति प्रतिको सहनशीलता, अहिंसा आपसी सम्मान र सह अस्तित्वको विकास गर्न ।
- मानव अधिकारको सम्मान गर्न ।

तसर्थ नागरिक शिक्षा, विद्यालय, संघसंगठन र प्रत्येक नागरिकलाई आवश्यक पर्छ ।

शिक्षा विभाग (२०६०) द्वारा प्रकाशित प्रतिवेदन अनुसार नागरिक शिक्षाका लागि विद्यालयले गर्दै आएका प्रयासहरुबाट नै विद्यार्थीको भर्नादर तथा नियमितता बृद्धि गर्न र विद्यालय छोड्ने दरमा कमी ल्याउन सकारात्मक प्रभाव पारेको पाइन्छ । साथै विद्यार्थीमा अनुशासित र कर्तव्यबोध, इमान्दारिता जस्ता व्यवहारिक पक्षको विकास गराउन समेत सहयोग पुगेको छ । तर ती समुदायलाई परिवर्तन गराउन कार्यक्रमहरु अझ प्रभावकारी रुपमा संचालन गर्नु आवश्यक छ

## २.४ अबधारणा निर्माण

अवधारणा निर्माणले अध्ययनको शिर्षकलाई स्पष्ट पार्दछ । यस अध्ययनमा कुन कुन पक्षहरु संलगन हुने ? कस कसको भूमिका के के हुने भन्ने कुरा माथि अवधारणा निर्माणले स्पष्ट पार्दछ । पाठ्यक्रम, पाठ्यपुस्तकका क्षेत्रहरु, ऐन, नियम, नीतिगत प्रावधानहरु र विद्यालय प्रधानाध्यापक, शिक्षक, विद्यार्थी, विद्यालय निरीक्षक र ती सबै सरोकारवालाहरुको संलग्नतामा निम्न पक्षहरुलाई समेत ध्यानमा राखी अनुसन्धान गरिएको थियो ।

## अनुसन्धानमा संलग्न पक्षहरु

| समाजका प्राथमिकताहरु (नीतिहरु) | विद्यालयका प्राथमिकताहरु (विषयवस्तुहरु) | विद्यालयका कार्यहरु र सहभागिता |
|---|---|---|
| राष्ट्रियता | सामाजिक भेदभावको अन्त्य | आचार संहिता निर्माण र पालना |
| अन्तर्राष्ट्रिय सहिष्णुता | अनुशासन | कक्षामा विषयगत क्रियाकलापमा सहभागिता |
| प्रजातन्त्र | विद्यालय आचारसंहिता | अध्ययन भ्रमण |
| समानता र स्वतन्त्रता | विज्ञान प्रविधिको सदुपयोग | अतिरिक्त क्रियाकलाप वा सहभागिता |
| मानवता र नैतिकता | प्रदुषण रोकथाम | सामुदायिक सरसफाई |
| सत्य, न्याय | राष्ट्रिय गीत | सामुदायिक विकासमा सहभागिता |
| व्यक्तिको सामुदायिक पहिचान | अन्तर्राष्ट्रिय परिचय | सहयोग आदान प्दान |
| गोपनियता र पारदर्शीता | राष्ट्रको गौरव गाथा | स्वयं सेवकको रुपमा भूमिका |
| अधिकार र कर्तव्यहरु | राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कानूनको परिचय | जातिगत र धार्मिक सम्मान |
| विविधता र बहुलता | जातिगत, भौगोलिक प्राकृतिक विविधताको परिचय | सहिष्णु व्यवहार |
| विज्ञान प्रविधिको विकास | प्रजातान्त्रिक दर्शन | राष्ट्रिय पर्वहरुमा सहभागिता<br>सहानुभूति पूर्ण ब्यवहार |
| सामाजिक र सांस्कृतिक मूल्यहरु | सहिष्णुताको विकास<br>सम्पदाको संरक्षण र विकास | शान्तिपूर्ण र अहिँसात्मक व्यबहार |

अनुसन्धानमा संलग्न पक्षहरुमा सम्बन्धित रही यस अध्ययनलाई अगाडि बढाइयो । माथि उल्लेखित महत्वपूर्ण बुँदाहरु समेटिने गरी अध्ययनको रुपरेखालाई तलको तालिका मार्फत देखाउन सकिन्छ ।

सरोकारवालाको विचारमा समाजका प्राथमिकताहरु के के छन् ?

⇩

विद्यालयमा पढाइएका विषयवस्तुहरु के के छन् ?

⇩

विद्यालयमा ती विषयवस्तुहरु कसरी पढाइएका छन् र विद्यार्थीलाई कसरी सहभागिता गराईएको छ ?

# अध्याय तीन

## अनुसन्धान विधि

जुनसुकै अनुसन्धानलाई पनि सम्पन्न गर्नका लागि निश्चित विधि र तौरतरिकाहरुको प्रयोग गर्नुपर्ने हुन्छ । यसरी अनुसन्धानमा सुरुदेखि गरिने प्रक्रियाहरु र तौरतरिकालाई अध्ययन विधि भनिन्छ । यस अध्ययनका लागि प्रयोग गरिने अनुसन्धान विधिहरुलाई यस अध्यायमा निम्न बमोजिम उल्लेख गरिएको छ ।

### ३.१ अनुसन्धान ढाँचा

यस अध्ययनमा मिश्रित ढाँचाको प्रयोग गरियो । जसमा प्रश्नावलीबाट प्राप्त सूचनालाई संख्यात्मक रुपमा र छलफल तथा दस्तावेज अध्ययन बाट प्राप्त सूचनालाई वर्णनात्मक तरिकाबाट वर्णन गरियो । जसका लागि आवश्यकता अनुसार निम्न साधनहरु र सूचनादाताहरु बाट सूचना संकलन गरिएको थियो ।

स्थलगत सर्वेक्षण ढाँचा

| क.सं. | उद्देश्य | सूचनाका श्रोतहरु | साधन |
|---|---|---|---|
| १ | नागरिक शिक्षाका लागि गरिएका नीतिगत प्रावधानहरु पहिचान गर्नु | प्र.अ., बिशेषज्ञ, वि.नि. शिक्षक, ,स्रोत ब्यक्ति, विद्यार्थी , वि.व्य.स., दस्तावेज | अन्तर्वार्ता फाराम, प्रश्नावली, छलफल |
| २ | नागरिक शिक्षाका लागि पाठ्यक्रम र पाठ्यपुस्तकमा समावेश विषयवस्तुका क्षेत्रहरु पहिचान गर्नु । | प्र.अ., बिशेषज्ञ, वि.नि. शिक्षकहरु, स्रोत ब्यक्ति, विद्यार्थी, दस्तावेज | अन्तर्वार्ता फाराम ,प्रश्नावली |
| ३ | नागरिक शिक्षाका लागि विद्यालयले गरेका कार्यहरु पहिचान गर्नु । | प्र.अ., बिशेषज्ञ, वि.नि. शिक्षकहरु, स्रोत ब्यक्ति, विद्यार्थी, वि.व्य.स., दस्तावेज | अन्तर्वार्ता, प्रश्नावली, लक्षित समूह छलफल |

## ३.२ अध्ययन क्षेत्र र जनसंख्या

यस अनुसन्धानको लागि नवलपरासी जिल्लाको गैडाकोट गाउँ विकास समिति भित्र रहेका विद्यालयहरु मध्ये ४ वटा सामुदायिक माध्यमिक विद्यालयहरु रहेका छन् । जसलाई यस अध्ययनको जनसंख्याको रुपमा लिन सकिन्छ ।

## ३.३ नमूना छनोट

यस अध्ययनका जनसंख्या तथा क्षेत्रहरु मध्येबाट निम्नानुसार नमुना छनोट गरियो ।

### ३.३.१ विद्यालयको छनोट

प्रस्तुत अध्ययनका लागि गैंडाकोट गा.वि.स. अन्तर्गतका माध्यमिक तह सञ्चालित ४ वटा सामुदायिक विद्यालयमध्ये सुविधाजनक नमुना छनोट विधिअनुसार गैंडाकोट-१ मा अवस्थित श्री नेपाल राष्ट्रिय शंसेर आदर्श माध्यमिक विद्यालय र गैंडाकोट-७ मा अवस्थित श्री नारायणी माध्यमिक विद्यालय लाई छनौट गरिएको थियो ।

### ३.३.२ विशेषज्ञको छनोट

प्रस्तुत अध्ययनमा अन्तर्वार्ताका लागि सम्बन्धित विषयमा विशेषज्ञता हासिल गरेका व्यक्तिहरु मध्ये सुविधाजनक नमुना छनोट विधिअनुसार गैंडाकोट नवलपरासीमा रहेको सूर्यभक्त पतनादेबी मेमोरियल कलेजमा राजनीतिक शास्त्र अध्यापनरत १ जना विशेषज्ञ छनोट गरियो ।

### ३.३.३ प्रधानाध्यापकको छनोट

यस अध्ययनमा अन्तर्वार्ताका लागि छनोट गरिएका विद्यालयका दुई जना प्रधानाध्यापकलाई स्वतः उत्तरदाताको रुपमा छनोट गरियो ।

### ३.३.४ शिक्षकको छनोट

छनोटमा परको विद्यालयको कक्षा ९ र १० मा अध्यापनरतं शिक्षकहरुलाई प्रश्नावलीको लागि छनोट गरियो ।

### ३.३.५ विद्यालय निरीक्षक, स्रोत व्यक्तिको छनोट

छनोटमा परेका विद्यालयसँग सम्बन्धित १ जना विद्यालय निरीक्षक र १ जना स्रोत व्यक्तिलाई अन्तर्वार्ताको लागि छनोट गरियो ।

### ३.३.६ विद्यार्थी छनोट

अध्ययनका क्रममा छनोटमा परेका दुई वटा विद्यालयका कक्षा ९ र १० मा अध्ययनरत विद्यार्थीहरु मध्ये उद्देश्य उन्मुख विधिको आधारमा प्रश्नावलीका लागि कक्षा ९ बाट ५ जना छात्र र ५ जना छात्रा गरी जम्मा १० जना, त्यसै गरी कक्षा १० बाट ५ जना छात्र र ५ जना छात्रा गरी जम्मा १० जना छनोट गरियो । यसरी प्रत्येक विद्यालयबाट २०/२० जना गरी जमा ४० जना छनोट गरियो ।

प्रश्नावलीका लागि छनोट भएका विद्यार्थी मध्ये लक्षित समूह छलफलका लागि विद्यार्थी छनोट गर्दा कक्षा ९ बाट ६ जना (३ जना छात्र र ३ जना छात्रा) र कक्षा १० बाट ६ जना (३ जना छात्र र ३ जना छात्रा) गोलाप्रथाद्वारा छनोट गरियो । यसरी प्रत्येक कक्षाबाट एउटा समूह निर्माण गरियो । पहिलो विद्यालयमा गरिएको छनोट प्रक्रियालाई अवलम्बन गर्दै दोस्रो विद्यालयमा समेत पहिलो विद्यालयको छनोट प्रक्रियालाई अवलम्बन गरी समूह निर्माण गरियो ।

### ३.३.७ विद्यालय व्यवस्थापन समितिको छनोट

छनोटमा परेका २ वटा माध्यमिक तह संचालित विद्यालयका व्यवस्थापन समितिका अध्यक्ष र सदस्यहरुलाई लक्षित समूह छलफलको लागि छनोट गरियो । उक्त समूह निर्माण गर्दा शिक्षक प्रतिनिधि र प्रधानाध्यापकलाई छुट्टै छनोट गरिसकिएको हुँदा यसमा समावेश गरिएन ।

## ३.४ अध्ययनका औजारहरुको निर्माण

यस अनुसन्धानका लागि उद्देश्य अनुरुप सूचना संकलन गर्नको लागि निम्न अनुसार सूचना संकलनका साधनहरुको निर्माण गरियो ।

### ३.४.१ दस्तावेज अध्ययन खाका

यस अनुसन्धानको लागि द्वितीय स्रोतको रुपमा दस्तावेजहरु अध्ययनका लागि दस्तावेज खाँका तयार गरियो । यस अनुसन्धान प्रतिवेदनहरु, शिक्षा ऐन नियम, आचारसंहिता, बुलेटिन र पाठ्यक्रम, पाठ्यपुस्तक आदि अध्ययनका लागि आवश्यक तयारी गरियो ।

### ३.४.२ प्रधानाध्यापकका लागि अन्तर्वार्ता फाराम

प्रस्तुत अनुसन्धान कार्यलाई नागरिक शिक्षाका लागि बनेका ऐन, नियम, विषयवस्तु, पाठ्यक्रम, विद्यालयमा भए गरेका कार्यहरु, विगतमा गरेका कार्यहरुसम्बन्धी प्रश्नहरु बनाएर अन्तर्वार्ता फाराम निर्माण गरियो ।

### ३.४.३ शिक्षकहरुका लागि प्रश्नावली

प्रस्तुत अनुसन्धान विद्यालयमा भए गरेका ऐन, नियम, आचारसंहिता, क्रियाकलाप, विगत एक वर्षमा भए गरेका सकारात्मक कार्यहरुलाई समावेश गरी शिक्षकका लागि प्रश्नावली निर्माण गरियो ।

### ३.४.४ विद्यार्थीहरुका लागि प्रश्नावली

प्रस्तुत अनुसन्धान कार्यका लागि विद्यार्थीका लागि नागरिक शिक्षामा केन्द्रित भई नागरिक शिक्षाले दिएको ज्ञान, समेटिएका विषयवस्तुहरुलाई समावेश गरी प्रश्नावली निर्माण गरियो ।

### ३.४.५ विद्यार्थीका लागि लक्षित समूह छलफल निर्देशिका

प्रस्तुत अनुसन्धान कार्यमा विद्यार्थीसँग प्रश्नावलीद्वारा अस्पष्ट भएका विषयमा अघिल्लो एक वर्षमा भएका थप कुराहरु, पाठ्यक्रममा समावेश गरिएका कुराहरुको बारेमा प्रश्नहरु बनाएर लक्षित समूह छलफलका लागि निर्देशिकाको निर्माण गरियो ।

### ३.४.६ विद्यालय व्यवस्थापन समितिसँग छलफलका लागि निर्देशिका

यस अनुसन्धानको सम्बन्धमा अभिभावकले गरेका कार्यहरु, प्रधानाध्यापकले गरेका कार्यहरु, विद्यार्थीले गरेका कार्यहरु, शिक्षकले गरेका कार्यहरु, विद्यालयमा भएका क्रियाकलापहरुसँग सम्बन्धित भए गरेका कार्यको बारेमा बुझ्नको लागि लक्षित समूह छलफलका लागि निर्देशिका निर्माण गरियो ।

### ३.४.७ विद्यालय निरीक्षक र स्रोत व्यक्तिका लागि अन्तर्वार्ता फाराम

प्रस्तुत अनुसन्धान कार्यका लागि उद्देश्यमा केन्द्रित रहेर नागरिक शिक्षाका लागि विद्यालयमा भएका कार्यहरुसँग सम्बन्धित अन्तर्वार्ता फाराम निर्माण गरियो ।

### ३.४.८ विशेषज्ञहरुका लागि प्रश्नावली

प्रस्तुत अनुसन्धान कार्यका लागि उद्देश्यमा केन्द्रित रहेर नागरिक शिक्षाका लागि तय गरिएका नीतिनियम,  विद्यालयको पाठ्यक्रम र पाठ्यपुस्तक एवं असल नागरिक उत्पादन गर्न विद्यालयले गरेका क्रियाकलाप सँग सम्बन्धित अन्तर्वार्ता फाराम निर्माण गरियो ।

### ३.४.९ साधनहरुको वैधता निर्धारण

यस अध्ययनका साधनहरुको वैधता कायम गर्नका लागि अध्ययनको उद्देश्य अनुसार औजार निर्माणको खाकाको आधारमा साधनहरुको मस्यौदा तयार गरियो । साथीहरुसँग छलफल गरी सुधार गरियो । सुधार गरिएका साधनहरुलाई पूर्व परीक्षण गरियो र आवश्यकता अनुसार सुधार गरी अन्तिम रुप दिईएको थियो ।

## ३.५ सूचना संकलन प्रक्रिया

अनुसन्धानको लागि उद्देश्यमा आधारित भएर आवश्यक सूचना संकलन गर्नको लागि पहिलो चरणमा अध्ययन सम्बन्धी विषयसँग सम्बन्धित दस्तावेजहरु अध्ययन गरियो । अध्ययनको उद्देश्य पूरा गर्नको लागि नमूना छनोटमा परेका विद्यालयमा अध्ययनकर्ता नै प्रत्यक्ष रुपमा सहभागी भएर सूचना संकलन गरियो ।

सर्वप्रथम पाठ्यक्रम तथा मूल्याङ्कन विभागबाट अध्ययनका लागि पत्र बनाएर लगिएको थियो । त्यस पश्चात् उक्त पत्रलाई आफ्नो अध्ययन क्षेत्रको विद्यालयमा गई प्रधानाध्यापकलाई भेटी उक्त पत्र दिईयो । प्रधानाध्यापकसँग आफ्नो अनुसन्धानको उद्देश्य बताएर प्रधानाध्यापकका लागि बनाइएको अन्तर्वार्ता फाराम भराईयो । अनुसन्धानका लागि छनोट गरिएका शिक्षकहरुसँग पनि भेटी उनीहरुका लागि निर्माण गरिएको प्रश्नावली भर्न लगाईयो र उक्त भरेको प्रश्नावलीलाई संकलन गरियो ।

छनोटमा परेका विद्यार्थीहरुसँग परिचय पश्चात् उनीहरुका लागि निर्माण गरिएको प्रश्नावली भर्न लगाइयो । लक्षित समूह छलफलका लागि निर्माण गरिएका प्रश्नावलीको आधारमा समूह निर्माण गरी छलफल गरियो । त्यस पश्चात् विद्यालय व्यवस्थापन समितिका पदाधिकारीहरुसँग भेट गरी समय मिलाई उनीहरुसँग आफ्नो उद्देश्य बमोजिम छलफल गरियो ।

छनोटमा परेका विद्यालय निरीक्षक र स्रोत व्यक्तिसँग सुमधुर सम्बन्ध स्थापना गरी उनीहरुका लागि निर्माण गरिएका अन्तर्वार्ता फाराम भर्न लगाई त्यसलाई संकलन गरियो ।

## ३.६ सूचना विश्लेषण प्रक्रिया

सूचनाहरुको विश्लेषण र व्याख्या गर्नको लागि अनुसन्धानको उद्देश्य अनुसार शीर्षक, उपशीर्षक मिलाएर सूचनाहरुको वर्णन गरियो । संकलन गरिएका सूचनाहरुमध्ये संख्यात्मक सूचनाहरुको तालिकीकरण गरी सूचनाहरुको विश्लेषण गरियो । गुणात्मक सूचनाहरुको आवश्यकता अनुसार समूहबद्ध गर्ने, कारणहरु, सन्दर्भहरु, प्रभावहरु, अर्थहरु, धारणाहरुको बारेमा गहन रुपमा वर्णन गरियो ।

## ३.७ सूचनाहरुको वैधता निर्धारण

सूचनाको वैधताको लागि आवश्यकतानुसार विविध स्रोतहरु र विधिहरु प्रयोगगरी सूचनाहरु संकलन गरिएको थियो । संकलन गरिएका सूचनाहरुको अध्ययन क्षेत्रमा नै सरसर्ती अध्ययन गरियो । अस्पष्ट विरोधाभास सूचनाहरुको तत्कालै जाँच गरी निधो गरियो । प्राथमिक सूचनाहरु संकलनका लागि अध्ययनकर्ता आफै संलग्न भई सूचनाको वैधता निर्धारण गरियो ।

## ३.८ नैतिकताको मापदण्ड

यस अनुसन्धान कार्यमा प्रत्यक्ष अप्रत्यक्ष संलग्न सबैजनासँग सुमुधर सम्बन्ध कायम गरिएको थियो । उनीहरुको व्यक्तिगत सम्मानमा आँच आउने कुनै कार्य गरिएन । उनीहरुको गोप्य राख्न भनिएका कुरालाई गोप्य राखि उल्लेख गर्न भनिएका कुराहरु मात्र उल्लेख गरियो । त्यसैगरी छनोट गरिएका विद्यार्थीहरु, शिक्षकहरु, प्र.अ.हरु ,विषय विशेषज्ञ र सरोकारवालाहरुलाई कुनै किसिमको आर्थिक प्रलोभन, करकाप, डर, धाकधम्की नगरी नैतिक मूल्य र मान्यता जस्ता कुरालाई ख्याल गरी सौहार्दपूर्ण वातावरण सिर्जना गरियो ।

# अध्याय चार

## सूचनाहरुको विश्लेषण र व्याख्या

नेपालको परिवेशमा भन्ने हो भने नागरिक शिक्षाको महत्व दिनप्रतिदिन बढ्दै गइरहेको छ । नागरिक शिक्षाले अनुशासन, कर्तव्य , आचरण बानी व्यवहार तथा उत्तरदायित्वको बोध गराउँछ । विद्यालय तहमा राष्ट्र, राष्ट्रियता र प्रजातन्त्रप्रति आस्थावान , सामाजिक वातावरणप्रति जागरुक, प्रजातान्त्रिक मान्यता र संस्कार अनुरुपको व्यवहार गर्न सक्ने सचेत नागरिक तयार गर्ने उद्देश्यले नागरिक शिक्षा तथा नैतिक शिक्षाको पाठ्यक्रम तयार पारी  कार्यान्वयन गरिएको छ । नागरिक शिक्षाको दृष्टिले माध्यमिक विद्यालयमा गरिएका अभ्यासहरु पहिचान गर्ने उद्देश्यले प्रस्तुत अध्ययन नवलपरासी जिल्ला गैंडाकोट गा.वि.स.मा अवस्थित श्री नेपाल राष्ट्रिय शंमसेर आदर्श माध्यमिक विद्यालय र श्री नारायणी माध्यामिक विद्यालय गरी दुईवटा विद्यालयहरुमा सञ्चालन गरियो । यस अध्ययनमा नागरिक शिक्षाका लागि गरिएको नितिगत प्रावधानहरु, पाठ्यक्रममा समावेश विषयबस्तुका क्षेत्रहरुमा  सरोकार वालाहरुको धारणा तथा यसका लागि विद्यालयमा गरिएका क्रियाकलापहरु पहिचान गर्नकालागि शिक्षक विषय विशेषज्ञ, विद्यार्थी  प्रध्यानाध्यापक विद्यालय व्यवस्थापन समितिका सदस्यहरु स्रोत व्यक्ति र विद्यालय निरिक्षकलाई प्राथमिक सूचनाको स्रोतका रुपमा लिई अन्तर्वार्ता निर्देशिका, प्रश्नावली, लक्षित समूह छलफल निर्देशिकाको सहायताले आवश्यक सूचनाहरु संकलन गरियो । उक्त संकलीत सूचनाहरुको व्याख्या तथा विश्लेषण छुट्टा छुट्टै रुपमा गरिएको छ ।  त्यसै गरी द्धितिय सूचना संकलन स्रोतहरुको पनि प्रयोग गरी व्याख्या तथा विश्लेषण गरिएको छ ।

### ४.१ नगरिक शिक्षासंग सम्वन्धित नितिगत प्रावधानहरु

विद्यालयमा खराब क्रियाकलापबाट बचाई असल क्रियाकलाप र व्यवहारहरु प्रदर्शन गर्नु, शिक्षक, विद्यार्थी , कर्मचारी लगायत विद्यालयका सम्पूर्ण सम्पतिहरुको सुरक्षा गर्नु विद्यालय परिवारको कर्तव्य र दायित्व हो । विद्यालय वातावरण लाई शान्त र सुव्यवस्थित गरी विद्यालयलाई शान्ति क्षेत्र र अध्ययनशील , कर्मशील बनाउनु आवश्यक छ । यस्ता कर्तव्य र दायित्व प्रति नागरिक शिक्षाले सचेत गराउन सक्नु पर्दछ । यसका लागि विद्यालयले विभिन्न खालका नीति, रणनीति र नियमहरु निर्माण गरी कार्यान्वयन गर्न आवश्यक मानिन्छ । नागरिक शिक्षाले विद्यार्थी लाई असल नागरिक निर्माण गर्न प्रेरित गर्नुपर्दछ । नागरिक शिक्षाको लागि विद्यालय तहमा गरिएको नागरिक शिक्षासंग सम्वन्धित प्रावधानहरु पहिचान गर्ने उद्देश्य यस अध्ययनले राखेको छ । यस उद्देश्य पुरा गर्ने क्रममा नागरिक शिक्षासंग सम्वन्धित मूल्य मान्यता मध्ये कस्तो विद्यार्थी असल विद्यार्थी हुन्छ र असल विद्यार्थी र असल नागरिक ले

पालना गर्नुपर्ने आचारसंहितालाई जोड दिदै विभिन्न अनुसन्धान प्रश्नहरु निर्माण गरी अनुषन्धान कर्ता स्वंयम अध्ययन क्षेत्रमा गई संकलन गरिएको सम्पूर्ण सूचना शीर्षक अनुसार व्याख्या गरिएको छ ।

### ४.१.१ असल नागरिकका विशेषताहरु

अध्ययनका लागि छनोट गरिएका विद्यालयमा स्थलगत भ्रमण गरी माद्यामिक विद्यालय तहमा नागरिक शिक्षाका लागि विद्यालयमा गरिएका क्रियाकलापहरु, नागरिक शिक्षा सम्वन्धित उद्देश्य र विषयवस्तुसंग सम्वन्धित रहेर सरोकारवालाहरुलाई प्रश्न सोधिएको थियो । असल नागरिक बन्नको लागि शिक्षक र विद्यार्थी ले विभिन्न कुराको जानकारी प्राप्त गरेको हुनुपर्दछ । असला नागरिकाका विशेषताहरु पत्ता लागाउने उद्देश्यले सूचना दाता र अनुसन्धानको साधन अनुकुल प्रश्न निर्माण गरिएको् थियो् । उक्त साधनको प्रयोग गरी तोकिएका सूचनादाताहरुबाट प्रतिक्रिया लिईएको थियो । उक्त प्रतिक्रिया बाट असल नागरिकका व्यक्तित्व सम्वन्धित गुण , सामाजिक गुण र पेशागत गुणहरु पाइएको थियो । उक्त प्रतिक्रियाहरु निम्नानुसार तालिकामा उल्लेख गरिएको छ ।

**तालिका ४.१ असल नागरिकका विशेषता सम्बन्धी सरोकारवालावाट प्राप्त प्रतिक्रिया**

| प्राप्त प्रतिक्रिया | जम्मा व्यक्ति | प्राप्त प्रतिक्रिया | जम्मा व्यक्ति |
|---|---|---|---|
| नैतिकवान | १० | अध्ययन,अध्यापनशील | १५ |
| नेतृत्ववान | ८ | चरित्रवान, सभ्य | ८ |
| चेतनशील | १९ | सकारात्मक चिन्तन | ५ |
| जिम्बेवार बन्नु | २१ | मित्रवत व्यवहार | ५ |
| सहयोगी भावना | ३० | असल र शिष्ट | ८ |
| दयालु भावना | ३० | पक्षपात रहित | ३५ |
| विश्वासी | ३३ | वैज्ञानिक सोचाई | ५ |
| सिर्जनशील | १० | पेशाप्रति उत्तरदायि | ५ |
| नि:स्वार्थी | ५ | पेशाप्रति दक्ष | १० |
| कूशल कार्य | ५ | श्रमप्रति सकारात्मक | ९ |
| स्वाबलम्बी | ६ | आदर मायालुभाव | ५ |
| परोपकारी | ११ | सेवाको भाव | ५ |
| देशभक्ति | ५ | समय निष्ठ | ८ |
| कर्तव्य निष्ठ | ४ | सक्रिय र सजग | ४ |

स्रोतः स्थलगत सर्भेक्षण, २०६८

मथिको तालिका अनुसार स्थलगत सर्वेक्षण बाट प्राप्त भएका प्रतिक्रिया मध्ये असल नागरिकका विशेषतामा पक्षपात रहित हुनुपर्दछ भन्ने ३५ जना पाइयो । त्यसैगरी विश्वासी हनुपर्दछ भन्नेमा ३३

जना, दयालुभावना हुनुपर्दछ भन्ने ३० जना अध्ययन, अध्यापनशील हुनुपर्दछ भन्ने १५ जना, जीम्मेवार हुनुपर्दछ भन्ने २१ जना र चेतनशील हुनुपर्दछ भन्ने १९ जना पाइयो । सक्रिय र सजग हुनुपर्दछ भन्ने ४ जना र आदर मायालु भाव, कुशल कार्य र मित्रवत व्यवहार हुनुपर्दछ भन्ने ५/५ जना पाइयो ।

यसरी प्राप्त प्रतिक्रिया कति जनाले दिएका छन् भन्ने कुरा तालिकामा उल्लेख गरिएको संख्याले स्पष्ट पारेको छ । प्रतिक्रियाहरु जुन प्राप्त भएका छन् यसलाइनै असल नागरिकका गुण वा विशेषता भन्न सकिन्छ । यसरी प्राप्त प्रतिक्रिया बाहेक अनुशासित अधिकार र कर्तव्यको पालन गर्ने लगनशील प्रयत्नशील, संस्कृतिको जगेर्ना गर्ने पनि असल नागरिकका विशेषता हुन भन्ने कुरा सर्भेक्षण बाट प्राप्त भयो ।

### ४.१.२ असल विद्यार्थीमा हुनुपर्ने गुणहरु

असल नागरिक उत्पादन गर्न विद्यार्थीहरुलाई नागरिक शिक्षा को ज्ञान दिनु आवश्यक पाइयो । यदि विद्यार्थीहरु असल भई उच्च शिक्षा अध्ययन गरेमा भोली राष्ट्रप्रति जिम्मेवार बहन गर्न सक्छन् र असल नागरिकमा हुनुपर्ने गुणको् विकास हुदै जान्छ । विद्यालयमा विद्यार्थीहरुले के कस्ता नियमहरु पालन गर्नु पर्दछ र कस्तो विद्यार्थीलाई असल विद्यार्थी भन्न सकिन्छ भनि सरोकारवालाहरुलाई सोधिएको प्रश्नहरुबाट प्राप्त प्रतिक्रियहरुलाई तल तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका ४.२ असल विद्यार्थीले पालन गर्नुपर्ने नियमहरु सम्बन्धित प्रतिक्रिया**

| प्रतिक्रिया | संख्या |
|---|---|
| विद्यालयमा रहदा अनुशासनमा रहने | १५ |
| विद्यालय पोशाकमा विद्यालय नियमित आउने | १० |
| कक्षामा मिलेर बस्ने | २० |
| दिएको गृहकार्य नियमित गर्ने | १५ |
| पढाइका कुरा कक्षामा ध्यान दिएर सुन्ने | ११ |
| आफुभन्दा ठूलालाई आदर र सानालाई माया गर्ने | ५ |
| विद्यालय आचार संहिताको पालना गर्ने | ७ |

स्रोतः स्थलगत सर्वेक्षण, २०६८

मथिको तालिका अनुसार असल विद्यार्थीमा हुनुपर्ने गुण मध्ये कक्षामा मिलेर बस्नुपर्नेमा सवैभन्दा बढी अर्थात २० जनाले प्रतिक्रिया दिएका छन् , विद्यालयमा रहँदा अनुशासनमा रहने, दिएको गृहकार्य गर्नेमा १५/१५ जनाले प्रतिक्रिया दिएका छन् । पढाइका कुरा कक्षामा ध्यान दिएर सुन्नेमा ११

जना, विद्यालय पोशाकमा विद्यालयमा आउनेमा १० जना, आचारसंहिताको पालना गर्नेमा ७ जना र आफुभन्दा ठुलालाई आदार र सानलाई माया गर्नेमा ५ जनाले प्रतिक्रिया दिएका छन् । तसर्थ विद्यालय भित्र रहदा वा विद्यालय बाहिर रहँदा माथि प्राप्त प्रतिक्रियाहरु पालन गर्ने विद्यार्थीलाईनै असल विद्यार्थी मानिन्छ भन्ने कुरा अध्ययन बाट प्राप्त भयो ।

### ४.१.३ विद्यालयमा भएका आचारसंहिताहरु

विद्यालयमा अध्ययन गर्ने विद्यार्थीलाई असल नागरिक बनाउनु विद्यालय र शिक्षकको दायित्व हो । विद्यार्थीलाई असल नागरिक बनाउन शिक्षकले पनि असल नागरिकको भूमिका निर्वाह गर्नुपर्दछ । जसका लागि विद्यालयले तयार गरेको वर्तमानका आचारसंहिताहरु पत्ता लगाउने उद्देश्यले सूचना दाता र अनुसन्धानको साधन अनुकूल प्रश्न निर्माण गरिएको थियो । तोकिएका सवै साधन प्रयोग गरी तोकिएका सरोकारवालाहरु बाट आशा गरिएको प्रतिक्रिया लिइएको थियो । उक्त प्रतिक्रियालाई वर्गीकरण गरी निम्नानुसार उल्लेख गरिएको छ ।

### क. शिक्षकले पालना गर्नुपर्ने आचारसंहिताहरु

विद्यालयमा शिक्षकले पालना गर्नुपर्ने आचारसंहिताहरु के कस्तो छन् र ति आचारसंहिता विद्यालयले कसरी निर्माण गरेको छ भन्ने प्रश्नको प्रतिक्रिया अध्ययन क्षेत्रबाट लिइएको थियो । शिक्षकले पालन गर्नुपर्ने आचारसंहिता अन्य सरोकारवालालाई प्रश्न नगरी शिक्षकलाई नै सोधिएको थियो । यस अध्ययन अनुसन्धान बाट प्राप्त प्रतिक्रियामा समयमा कक्षाकोठामा प्रवेश गर्नुपर्ने, विद्यालयले तोकेको पोशाक मा विद्यालय आउनुपर्ने, प्र. अ. को मातहतमा बस्नुपर्ने र पेशाप्रति बफादार रहनुपर्ने , विद्यार्थीको मनोविज्ञान बुझेर सो अनुसार अध्यापन गर्नुपर्ने, विद्यार्थी केन्द्रित शिक्षण गनुपर्ने, निर्धारित पाठ्यक्रम समयमानै सक्नुपर्ने, प्रत्येक पाठको पाठ योजना बनाउनुपर्ने, स्विकृति लिएर मात्र विदामा बस्नुपर्ने, विद्यार्थीको समस्या पत्ता लगाउनुपर्ने जस्ता विभिन्न खालका प्रतिक्रियाहरु प्राप्त भएका छन् । यसरी प्राप्त कतिपय प्रतिक्रियाहरु विद्यालयमा निर्माण गरिएका आचारसंहितासंग र पूर्व साहित्यको समिक्षासंग मेल खान गएको हुँदा प्राप्त प्रतिक्रियाहरु शिक्षकले पालन गर्नुपर्ने आचारसंहिता हुनु भन्न सकिन्छ ।

**तालिका ४.३ शिक्षकले पालन गर्नुपर्ने आचार संहिता सम्बन्धि सरोकारवालाहरुको प्रतिक्रिया**

| प्राप्त प्रतिक्रिया | जम्मा व्यक्ति | प्राप्त प्रतिक्रिया | जम्मा व्यक्ति |
|---|---|---|---|
| पेशाप्रति वफादार रहनुपर्ने | २ | विद्यार्थीको समस्या पत्ता लगाउनुपर्ने | ३ |
| समयमा कक्षाकोठामा प्रवेश | ४ | आफ्नो सम्पूर्ण जिम्मेवारी पूरा गर्नुपर्ने | १ |
| प्र.अ.को मातहतमा बस्नुपर्ने | ३ | बर्षिक कार्ययोजना र समय तालिका बनाउनुपर्ने | ८ |
| विद्यार्थीको मनोविज्ञान बुझ्नुपर्ने | २ | पक्षपात रहित व्यवहार | २ |
| निर्धारित पाठ्यक्रम समयमा सक्नुपर्ने | ५ | राजनीतिमा सक्रिय सहभागिता हुन नपाइने | १० |
| प्रत्येक पाठको पाठ योजना बनाउनुपर्ने | १० | शिक्षण सामाग्रि निर्माण गर्नुपर्ने | ४ |
| विद्यार्थी केन्द्रीत शिक्षण गनुपर्ने | २ | विभिन्न अतिरिक्त क्रियाकलाप सञ्चालन गनुपर्ने | २ |
| बालमैत्री वातावरण तयार गर्नुपर्ने | ३ | समय समयमा विद्यार्थीलाई शैक्षिक भ्रमण गराउनुपर्ने | २ |
| स्वीकृति लिएर मात्र विदामा बस्नुपर्ने | ६ | बालमनोविज्ञानको अधारमा शिक्षण गर्ने | ८ |
| दिएको जिम्मेवारी पूरा गर्नुपर्ने | २ | विद्यालयले तोकेको पोशाक लगाउनुपर्ने | ३ |

स्रोतः स्थलगत सर्वेक्षण, २०६८

स्थलगत सर्वेक्षण बाट प्राप्त प्रतिक्रिया अनुसार राजनीतिमा सक्रिय सहभागिता हुन नपाइने र पत्येक पाठको योजना बनाउनुपर्ने भन्नेमा १०/१० जना पाईयो । वार्षिक कार्य योजना र समय तालिका बनाउनुपर्ने र बालमनाविज्ञानको आधारमा शिक्षण गनुपर्नेमा ८/८ जनाको प्रतिक्रिया पाइयो । स्वीकृति लिएर मात्र विदामा बस्नुपर्नेमा ६ जना, समयमा कक्षाकोठामा प्रवेश गर्नुपर्नेमा र शिक्षण सामाग्रि निर्माण गनुपर्नेमा ४/४ जना , प्र.अ.को मातहतमा बस्नुपर्ने, बालमैत्री वातावरण तयार पानुपर्नेमा, विद्यार्थीको समस्या पत्ता लगाउनुपर्नेमा, विद्यालयले पोशाक लगाउनुपर्नेमा ३/३ जना, पेशाप्रति बफादार रहनुपर्ने, विद्यार्थीको मनोविज्ञान बुझ्नुपर्ने , दिएको जिम्मेवारी पूरागर्नुपर्ने , विद्यार्थी केन्द्रित शिक्षण गनुपर्ने,

पक्षपात रहित व्यवहार, समय समयमा विद्यार्थीलाइ शैक्षिक भ्रमण गराउनुपर्ने र समय समयमा अतिरिक्त क्रियाकलाप सञ्चालन गनुपर्नेमा २/२ जना र आफ्नो सम्पूर्ण जिम्मेवारी पूरा गर्नुपर्नेमा १ जनाको प्रतिक्रिया पाइयो ।

### ख. विद्यार्थीले पालन गर्नुपर्ने आचारसंहिताहरु

विद्यार्थीले पालन गर्नुपर्ने नीतिनियम तथा आचारसंहिताहरु के के छन् भन्ने बारे प्रश्न निर्माण गरी तोकिएको सरोकारवालासंग प्रतिक्रिया लिएको थियो । विद्यालय आउदा विद्यार्थीहरुले पालन गर्नुपर्ने नीतिनियमहरुमा शिक्षकले भनेको मान्नुपर्ने, शिक्षण सिकाइमा सहभागि हुनुपर्ने, नबुझेको कुरा शिक्षक तथा अन्य जानकार व्यक्ति संग सोध्नुपर्ने, मनिटर र कक्षा शिक्षकले भनेको कुरा मान्नुपर्ने, आज्ञाकारी हुनुपर्ने जस्ता विभिन्न खालका १८ वटा प्रतिक्रिया हरु प्राप्त भएका छन् । उक्त प्रतिक्रियाहरुलाई निम्नानुसार तालिकामा उल्लेख गरिएको छ ।

**तालिका ४.४ विद्यार्थीले पालन गर्नुपर्ने नीतिनियम र आचारसंहिता सम्वन्धी सरोकारवालाहरुको प्रतिक्रिया**

| प्राप्त प्रतिक्रिया | जम्मा व्यक्ति | प्राप्त प्रतिक्रिया | जम्मा व्यक्ति |
|---|---|---|---|
| अनिवार्य गृहकार्य गर्नुपर्ने | ३० | कक्षाकोठामा मिलेर बस्नुपर्ने | १५ |
| शिक्षकले भनेको मान्नुपर्ने | १६ | कक्षामा सक्रिय सहभागिता हुनुपर्ने | २४ |
| सिकाइमा सहभागि हुनुपर्ने | ३० | उचित स्वतन्त्रता पाउनुपर्ने | १६ |
| नबुझेको कुरा सोध्नुपर्ने | १३ | विद्यालय वातावरण तथा कक्षा कोठा सफा राख्नुपर्ने | २० |
| सामुहिक रुपमा खेल्नुपर्ने | ६ | अतिरिक्त क्रियाकलापमा सक्रिय सहभागिता हुनुपर्ने | १० |
| आज्ञाकारी विद्यार्थी बन्नुपर्ने् | ६ | विद्यालयमा सफा पोशाकमा आउनुपर्ने | २५ |
| मनिटरले भनेको मान्नुपर्ने | १८ | सामुहिक छलफल गर्नुपर्ने | ११ |
| नेतृत्व सीप विकास | ६ | | |

स्रोतः स्थलगत सर्वेक्षण, २०६८

स्थलगत सर्वेक्षण गर्दा सरोकारवालाहरुबाट प्राप्त प्रतिक्रियाहरुमध्ये अनिवार्य गृहकार्य गनुपर्ने र सिकाइमा सहभागि हुनुपर्ने प्रतिक्रिया ३०/३० जनाबाट प्राप्त भएको थियो । विद्यालयमा सफा पोशाकमा

आउनुपर्नेमा २५ जना कक्षामा सक्रिय सहभागि हुनुपर्नेमा २४ जना, विद्यालय वातावरण तथा कक्षाकोठा सफा राख्नु पर्नेमा २० जना, मनिटरले भनेको मान्नुपर्नेमा १८ जना, उचित स्वतन्त्रता पाउनुपर्ने र शिक्षकले भनेको मान्नुपर्नेमा १६ जना, कक्षाकोठामा मिलेर बस्नुपर्नेमा १५ जना, नवुझेको कुरा सोध्नुपर्नेमा १३ जनाको प्रतिक्रिया प्राप्त भएको छ । माथिको तालिकाअनुसार प्राप्त प्रतिक्रियाहरु विद्यार्थीले पालना गर्नुपर्ने नीतिनियम तथा आचारसंहिताहरु हुन भन्न सकिन्छ ।

### ४.१.४ आचारसंहिता निर्माण गर्दा ध्यान दिनुपर्ने कुराहरु

आचारसंहिता विनाको विद्यालयमा अध्ययन अध्यापन कार्य प्रभावकारी हुन सक्दैन तसर्थ विद्यालयले शिक्षक र विद्यार्थीले पालन गनुपर्ने आचारसंहिताको रुपमा विभिन्न नियम हरु निर्माण गरेको हुन्छ । ति नियमहरुलाइ कार्यान्वयन गर्न, व्यवहारिक र समसामयिक बनाउनको लागि विद्यालय व्यवस्थापन समिति, प्र.अ, शिक्षक र विद्यार्थीको महत्वपूर्ण भूमिका रहन्छ । उक्त नियम निर्माण गर्नको लागि के कस्तो कुरामा ध्यान दिनुपर्दछ भनि बिद्यालय निरिक्षक, विशेषज्ञ, स्रोत व्यक्ति, प्र.अ, शिक्षक र विद्यार्थीलाइ खुल्ला प्रश्नावली र विद्यालय व्यवस्थापन समिति एवं छलफलको लागि छनोट गरिएका विद्यार्थीहरुबीच छलफल गरी प्राप्त प्रतिक्रिया निम्नानुसार तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका ४.५ आचारसंहिता निर्माण गर्दा ध्यान दिनुपर्ने कुराहरु सम्वन्धी सरोकारवालाहरुको प्रतिक्रिया**

| प्रतिक्रिया | जम्मा व्यक्ति |
|---|---|
| विद्यार्थीको रुची, चाहना र आवश्यकताको पहिचान हुनुपर्ने | ७ |
| शिक्षाको तहगत र राष्ट्रिय उद्देश्यहरुको ज्ञात हुनुपर्ने | ३ |
| शिक्षाको राष्ट्रिय नीति कार्यनीति अनुरुप आचारसंहिता निर्माण गर्नुपर्ने | २२ |
| समाज र राष्ट्रको आवश्यकता | १० |
| सामाजिक मूल्य मान्यताहरु | १२ |
| शिक्षाको अन्तराष्ट्रिय नीतिनियमहरुको ख्याल गर्नुपर्ने | २२ |
| स्थानिय परिवेशअनुसार मिल्दोजुल्दो | १० |

स्रोतः स्थलगत सर्वेक्षण, २०६८

तलिकामा उल्लेख गरिएका प्रतिक्रियाहरु सम्पूर्ण सरोकारवालाहरुबाट प्राप्त भएका सूचनाहरु हुन । तालिकालाई आधार मानेर विश्लेषण गर्दा शिक्षाको राष्ट्रिय नीति कार्यनीति अनुरुप आचारसंहिता निर्माण गर्नुपर्ने र शिक्षाको अन्तराष्ट्रिय नीतिनियमहरुको ख्याल गर्नुपर्ने पाइयो । किनकी यी बुँदाहरुमा सवै भन्दा बढी प्रतिक्रिया अर्थात २२/२२ जनाको प्रतिक्रिया प्राप्त भएको छ । विद्यालयमा

आचारसंहिता निर्माण गर्दा विद्यार्थीको रुची चाहना र आवश्यकतालाई विशेष ध्यान पुऱ्याउनु पर्दछ । सामाजिक मूल्य मान्यताले पनि आचारसंहितालाइ प्रभाव पार्ने भएकोले यसमा पनि ध्यान दिनुपर्ने तथ्यांकमा प्राप्त १२ जनाको प्रतिक्रियाले प्रष्ट पार्दछ । आचारसंहिता समाज र राष्ट्रको आवश्यकता, स्थानिय परिवेश सुहाउँदो हुनुपर्नेमा १०/१० जनाको प्रतिक्रिया प्राप्त भयो । तथ्याकं मा हेर्दा विद्यार्थीको रुची, चाहना र आवश्यकताको पहिचान हुनुपर्ने साथ साथै शिक्षाको तहगत र राष्ट्रिय उद्देश्यहरुको ज्ञात भएमा मात्रे उचित आचारसंहिता निर्माण गर्न सजिलो हुने पाइयो ।

### ४.१.५ नागरिक शिक्षाको लागि जोड दिनुपर्ने कुरा

नागरिक शिक्षा बिद्यालय तहमा आवश्यक छ । बर्तमान सन्दर्भमा नागरिक शिक्षालाई विद्यालय तहमा प्रभावकारी अध्ययन गराउन सकेमा मात्र असल नागरिक निर्माण गर्न सहज वातावरण बन्दछ । वर्तमान समयमा नागरिक शिक्षाले कस्ता खालाका निति नियमहरुमा जोड दिनु पर्दछ भन्ने प्रश्नको जवाफमा शिक्षक बिद्यार्थी प्र. अ., बिद्यालय ब्यवस्थापन समिति स्रोत ब्यक्ति, बिद्यालय निरिक्षक, विशेषज्ञ आदि ले दिएका जवाफहरुलाई निम्न बमोजिम तालिकामा उल्लेख गरिएको छ।

**तालिका ४.६ वर्तमान सन्दर्भमा नागरिक शिक्षाका लागि जोड दिनुपर्ने कुरा सम्बन्धि सरोकारवालाको प्रतिक्रिया :**

| प्रतिक्रियाहरु | जम्मा ब्यक्ति | प्रतिक्रियाहरु | जम्मा ब्यक्ति |
|---|---|---|---|
| नैतिकताको बिकास | ३१ | नागरिक शिक्षालाई उच्च मा.वि. सम्म अनिवार्य गर्ने | ११ |
| समय सापेक्ष सिकाई | २४ | निति नियम निर्माण भन्दा कार्यान्वयनमा जोड | ५ |
| राष्ट्रियता प्रति बफादार | १६ | अनुगमन प्रणाली प्रभावकारी हुनुपर्ने | ५ |
| अनुशासन | १५ | पृष्ठपोषण एवं सरोकारवालाहरु संग प्रशस्त अन्तर्क्रिया | ११ |

स्रोतः स्थलगत सर्वेक्षण, २०६८

माथिको तालिका अनुसार नागरिक शिक्षाले कस्ता खालका निति नियमहरुमा जोड दिनुपर्दछ भन्ने सन्दर्भमा लिएको सरोकारवालाहरुको प्रतिक्रिया समेटिएको छ । उनिहरुवाट प्राप्त प्रतिक्रिया अनुसार नैतिकतालाई विशेष जोड दिनुपर्ने कुरा प्राथमिकतामा आएको पाइयो । जसमा ३१ जनाको प्रतिक्रिया रहेको थियो । त्यसै गरी समय सापेक्ष सिकाई हुनुपर्नेमा २४ जना, राष्ट्रियता प्रति बफादारमा

१६ जना, अनुशसनमा १५ जना, नागरिक शिक्षालाई उच्च मा.वि. सम्म अनिवार्य गर्नुपर्ने र पृष्ठपोषण एवं सरोकारवालाहरु संग प्रशस्त अन्तर्क्रियामा ११ जना, निति नियम निर्माण भन्दा कार्यान्वयनमा जोड दिनुपर्ने र अनुगमन प्रणाली प्रभावकारी हुनुपर्नेमा ५/५ जनाले आफ्नो प्रतिक्रिया ब्यक्त गरेका थिए । तसर्थ माथि तालिकामा उल्लेखित कुरामा जोड दिएमा नागरिक शिक्षा ब्यवहारिक र सान्दर्भिक शिक्षा बन्दछ ।

### ४.१.६ सुधार गर्नुपर्ने नीतिहरु

बिद्यार्थीलाई असल नागरिक बनाउन बिद्यालयले बिशेष रुपमा जोड दिनु पर्दछ । बिद्यार्थीलाई असल नागरिक बनाउनको लागी अहिलेको शैक्षिक नीति मध्ये कुन-कुन नीतिहरु सुधार गर्नुपर्ला भनि बिद्यार्थी, शिक्षक, प्र.अ., बिद्यालय ब्यवस्थापन समिति र बिद्यालय निरिक्षक, स्रोत ब्यक्ति एवं बिज्ञ हरुलाई प्रश्न सोधिएको थियो जसवाट प्राप्त प्रतिक्रियालाई तल तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका ४.७ विद्यार्थीलाई असल नागरिक बनाउनको लागी वर्तमान शैक्षिक नितिमा सुधार गर्नुपर्ने कुराहरुको सन्दर्भमा सरोकारवालाहरुको प्रतिक्रिया**

| प्रतिक्रियाहरु | ब्यक्ति संख्या |
|---|---|
| भएका निति नियमहरुको प्रभावकारी कार्यान्वयन | १७ |
| अनुशासनको राम्रो प्रबन्ध | २१ |
| आफ्नो उत्तरदायित्व बहन गर्नुपर्ने | १५ |
| शिक्षा सम्बन्धि ऐन एवं नियमावलिहरुमा समय सापेक्ष सुधार एवं संसोधन | १० |
| चेतनामुलक कार्यक्रम सञ्चालन | ७ |
| नितिनियमवारे प्रत्येक अभिभावकलाई जानकारी | ५ |
| सम्पुर्ण सरोकारवालाहरुले असल मार्गदर्शकको भुमिका निर्वाह गर्नुपर्ने | ४ |
| छात्र र छात्राको लागि छुट्टाछुट्टै शौचालयको ब्यवस्था | ५ |
| बिभिन्न समयमा आवश्यकता अनुसार अभिभावकहरुको भेला | २ |
| प्रत्येक ब्यक्तिले आफ्नो बानिमा सुधार गर्नुपर्ने | ७ |
| नागरिक शिक्षामा जोड | १० |

स्रोतः स्थलगत सर्वेक्षण, २०६८

माथिको तालिका अनुसार अहिले भएका निति मध्ये कुनकुन नितिहरु सुधार गर्नुपर्ने छन् भन्ने सन्दर्भमा सरोकारवालावाट आएका प्रतिक्रियाहरुमा सवैभन्दा बढी अर्थात अनुशासनको राम्रो प्रबन्ध भन्नेमा २१ जनाको प्रतिक्रिया प्राप्त भएको छ तसर्थ नागरिक शिक्षालाई प्रभावकारी कार्यान्वयन गराउन अनुशासनमा बिशेष जोड दिनुपर्ने देखियो । त्यसैगरी भएका निति नियमहरुको प्रभावकारी कार्यान्वयनमा १७ जनाको प्रतिक्रिया प्राप्त भएकोले प्रभावकारी ढंगले नितिनियम कार्यान्वयन गर्न

कार्यान्वयन पक्षमानै जोड दिनुपर्ने प्रतिक्रिया प्राप्त भयो । त्यसैगरी आफ्नो उत्तरदायित्व बहन गर्नुपर्नेमा १५ जना, शिक्षा सम्बन्धि ऐन एवं नियमावलिहरुमा समय सापेक्ष सुधार एवं संसोधन गर्नुपर्छ भन्ने र नागरिक शिक्षामा जोड भन्नेमा १०/१० जना को प्रतिक्रिया प्राप्त भयो । चेतनामुलक कार्यक्रम सञ्चालन र प्रत्येक व्यक्तिले आफ्नो बानीमा सुधार गर्नुपर्नेमा ७/७ जना, नितिनियमवारे प्रत्येक अभिभावकलाई जानकारी गराउनुपर्ने र छात्र र छात्राको लागि छुट्टाछुट्टै शौचालयको व्यवस्था हुनुपर्ने भन्नेमा ५/५ जना, सम्पुर्ण सरोकारवालाहरुले अशल मार्गदर्शकको भुमिका निर्वाह गर्नुपर्ने भन्नेमा ४ जना त्यसैगरी बिभिन्न समयमा आवश्यकता अनुसार अभिभावकहरुको भेला बोलाउनुपर्ने भन्नेमा २ जनाको प्रतिक्रिया प्राप्त भएको हुँदा माथि उल्लेखित कुराहरुमा सुधार गर्नुपर्ने देखियो ।

## ४.२ नागरिक शिक्षा संग सम्बन्धित बिषयबस्तुहरु

राष्ट्रले प्रत्येक व्यक्तिलाई सक्षम र दक्ष नागरिक बनाउन शिक्षा प्रदान गर्ने उद्देश्य राखेको हुन्छ । शिक्षाको राष्ट्रिय उद्देश्य, बिषयगत उद्देश्य, कक्षागत उद्देश्य पुरा गर्नको लागि बिद्यालयले आफ्नो वातावरण अनुकुल पाठ्यक्रम र पाठ्यपुस्तक अन्तर्गत बिभिन्नखालका बिषय बस्तुनिर्धारण गरेको हुन्छ । बिद्यालयले कार्यान्वयन गरेको नागरिक शिक्षा सम्बन्धि पाठ्यक्रममा राखिएको बिषय बस्तु पठनपाठनको अवस्था, पठनपाठनमा जोड दिनुपर्ने र सुधार गर्नुपर्ने कुरा र अन्यकुराहरुको बारेमा बुझ्नको लागि यस अध्ययनको उद्देश्य अनुरुप सूचना संकलन गरी निम्न अनुसार बिष्लेषण गरिएको छ ।

### ४.२.१ बिद्यालयमा पढाई भईरहेको पाठ्यांश र बिषय बस्तुहरु

नागरिक शिक्षा प्रदान गर्न बिद्यालयमा पढाई भईरहेको पाठ्यांश र बिषय बस्तुको वारेमा शिक्षक, बिद्यार्थी, प्र.अ., स्रोत ब्याक्ति र बिद्यालय निरिक्षकबाट सूचना संकलन गरिएको थियो । बिद्यालय व्यवस्थापन समितिका सदस्यहरुलाई यस वारेमा थाहा नहुने हुँदा प्रश्न सोधिएको थिएन। उनिहरुलाई असल नागरिक तयार गर्न कस्तो पाठ्यक्रम चाहिन्छ भन्ने वारेमा सोधिएको थियो । बिद्यार्थीहरुलाई असल नागरिक बन्न के के कुरा पढ्नु पर्दछ र नागरिक शिक्षा संग सम्बन्धित बिषय बस्तुहरु कुन कुन हुन भन्ने वारेमा प्रश्न गरिएको थियो। अन्त्यमा बिद्यालय व्यवस्थापन समिति र बिद्यार्थीहरुबीच लक्षित समूह छलफल गरी निष्कर्ष निकालिएको थियो । यसरी कक्षा नौ र दशको पाठ्क्रमको अध्ययन गरी प्रतिक्रियाको अन्तिम निचोड निकाली बिभिन्न प्रतिक्रियाहरुलाई बिश्वसनिय तुल्याईएको थियो।

नागरिक शास्त्र बिषय कक्षा नौ र दशमा ऐच्छिक बिषयको रुपमा समाबेश गरिएको पाईन्छ । कक्षा नौ र दशमा पठन पाठन हुँदै आएको नागरिक शास्त्र बिषयको पाठ्यक्रम, पाठ्यपुस्तकमा समावेश गरिएका बिषय बस्तुका क्षेत्रहरु के के रहेछन् भनि सर्वप्रथम दस्तावेजको अध्ययनवाट प्राप्त गरिएको बिषय बस्तुको क्षेत्रलाई निम्नानुसार प्रस्तुत गरी व्याख्या बिष्लेषण गरिएको छ ।

कक्षा नौ को नागरिक शास्त्र बिषयमा जम्मा १२ वटा एकाई रहेको र उक्त १२ वटा एकाई हरुमा ४१ वटा पाठहरु समावेश गरिएको छ। पहिलो एकाईमा नागरिक शास्त्रको परिचय, महत्व, क्षेत्र, उपयोगिता, नेपालमा नागरिकता प्राप्त गर्ने आधार प्रस्तुत गरिएको छ। एकाई २ मा अधिकार र कर्तव्यमा मानवअधिकार जस्ता पाठहरु रहेका छन् । एकाई ३ मा राज्यको अर्थ र परिभाषा, एकाई ४ मा राज्य उत्पत्तिका सिद्धान्तहरु अन्तर्गत दैवी सिद्धान्त, शक्तिमा आधारित सिद्धान्त जस्ता पाठहरु राखिएको छ । एकाई पाँचमा लोकतान्त्रिक शासन प्रणाली अन्तर्गत लोकतन्त्रको परिभाषा, आवश्यकता र महत्व, राणाशासन र लोकतन्त्रप्राप्तीका लागी भएका प्रयासहरु समेटिएको छ। एकाई छ मा लोकतान्त्रिक दलहरु र दल गठनको प्रक्रिया, एकाई सातमा बहुदलिय ब्यबस्थाको बिकास र एकाई नौ, दश र एघारमा ब्यबस्थापिका, न्यायपालिका र कार्यपालिका सम्बन्धि पाठहरु र एकाई बाह्रमा संविधान सम्बन्धि पाठहरु रहेका छन् ।

कक्षा दशको नागरिक शास्त्र बिषयमा नौ वटा एकाईहरु अन्तर्गत ३२ वटा पाठहरुमा बिभाजन गरेर राखेको पाईन्छ । पहिलो एकाईमा सार्वभौमिकता, एकाई दुईमा स्वतन्त्रता र समानता एकाई तीनमा कानून, एकाई चारमा निर्वाचन, एकाई पाँचमा जनमत तथा अर्थतन्त्रको परिचय, एकाई छ मा स्थानिय स्वायत्त शासन, एकाई सातमा परराष्ट्र निति, एकाई आठमा सार्कको परिचय र उद्देश्य, एकाई नौमा संयुक्त राष्ट्रसंघका अङ्गहरु अन्तर्गतका पाठहरु रहेका छन् । कक्षा नौ र दशको नागरिक शिक्षा बिषय अध्ययन, अनुसन्धानका लागी छनौट गरिएका बिद्यालयमा अध्यापन नभएपनि उक्त पाठ्य पुस्तकको अध्ययन गरिएको थियो । त्यसैगरी अध्ययनकालागि तोकिएका बिषयहरु नेपाली, सामाजिक अध्ययन, बिज्ञान, अर्थशास्त्र, अंग्रेजी, स्वास्थ्य जनसंख्या तथा वातावरण जस्ता बिषयमा नागरिक शिक्षा सम्बन्धि कुन कुन ज्ञान कुन कुन पाठले प्रदान गरेको छ भनि सरोकारवालाहरुलाई सोधिएको प्रश्नमा प्राप्त प्रतिक्रिया तलको तालिकामा प्रस्तुत गरिएको छ।

**तालिका ४.८ विद्यालयमा पढाई भईरहेको पाठ्यांश र विषयवस्तुहरु सम्बन्धी सरोकारवालाहरुको प्रतिक्रिया**

| क्र. सं. | पठ्यांश | बिषय | सक्षम बनाउने क्षेत्र |
|---|---|---|---|
| १ | नेपाली | कर्तब्य | बिद्यार्थीलाई आफ्नो कर्तब्य प्रति सचेत गराउँछ |
| | | जय भोली, | समयको उचित ब्यवस्थापन र प्रयोग गर्न सक्षम गराउँछ। |
| | | न्ययको पक्ष | सामाजिक न्याय प्रदान गर्छ। |
| | | हाम्रो देश हाम्रो अतिथि, | राष्ट्रको प्राकृतिक सम्पदाको संरक्षण संवर्द्धन र विकास गरी अन्तर्राष्ट्रिय स्तरमा चिनाउँदै राष्ट्रिय अस्तित्व जोगाउन सहयोग गर्छ। |
| | | भिकारी | सहयोगी भावनाको बिकास गराउँदै दिनदु:खी, गरिव र असहायलाई सेवा गर्न प्रेरित गर्छ। |
| २ | सामाजिक अध्ययन | हाम्रो रितिरिवाज र कला | सामाजिक संस्कार, संस्कृति संग परिचित गराउँदै हाम्रा चाडपर्व र कलाको संरक्षण गर्ने प्रेरण दिन्छ। |
| | | धर्म निरपेक्षता | धार्मिक बिभेदलाई अन्त्य गरी धार्मिक स्वतन्त्रता प्रदान गर्न सहयोग गर्दछ। |
| | | बर्तमान संविधानको विशेषता | राज्यको कानूनको परिधि भित्र रहन सहयोग गरी समानता स्वतन्त्रता अधिकार प्रति सचेत गराउन सहयोग गर्दछ। |
| | | मानव अधिकार | मानव अधिकारको ज्ञान दिँदै मानबीय उत्तर दायित्व पुरा गर्न सहयोग गर्छ। |
| | | सांस्कृतिक सम्पदाहरु | कला साहित्यको बिकास, संरक्षण र सम्बर्द्धन गर्न सहयोग। |
| ३ | बिज्ञान | प्राकृतिक प्रकोप | पहिरो, बाढी, भुकम्प, ज्वालामूखी, सामुन्द्रिक आँधी जस्ता प्राकृतिक प्रकोपवाट बच्न सचेत गराउँछ। |
| ४ | अर्थशास्त्र | कृषि उत्पादन | कृषिको महत्व, फाईदा, उत्पादन गर्ने तरिकाको बारेमा जानकारी दिई आर्थिक उन्नती गर्न सहयोग पुऱ्याउँछ। |
| | | सहकारी | सहकार्य गर्ने भावानाको बिकास गराउँछ। |
| ५ | स्वास्थ्य जनसंख्या तथा वातावरण | | शारिरीक स्वस्थता सम्बन्धि ज्ञान र प्रजनन् स्वास्थ्य सम्बन्धि जानकारी गराउन र वातावरण एवं जैविक विविधताको संरक्षण र संवर्द्धन गर्न सक्षम बनाउंछ। |

माथि उल्लेखित तालिकाको अध्ययन अनुसार बिद्यालयमा पढाई भईरहेका बिषयहरु मध्ये नेपाली सामाजिक अध्ययन, बिज्ञान, अर्थशास्त्र, स्वास्थ्य जनसंख्या तथा वातावरण जस्ता बिषयहरुले नागरिक शिक्षा प्रदान गर्न सहयोग गरेको प्रतिक्रिया प्राप्त भएको थियो । माथि तोकिएका सरोकारवालाहरुसंग लिएको प्रतिक्रिया र अनौपचारिक छलफल वाट बिद्यालयमा व्यवस्था गरिएका हरेक बिषय बस्तुले बिद्यार्थीलाई कुनै न कुनै क्षेत्रमा दक्ष र सक्षम बनाउन प्रयास गरिरहेको हुन्छ भन्ने प्रतिक्रिया प्राप्त भयो। बिद्यालयमा अध्ययन गरेर माथि तालिकामा उल्लेखित बिषय, उक्त बिषयसंग सम्बन्धित पाठले दिने उपलब्धिको बारेमा सरोकारवालाहरुबाट  प्रतिक्रिया प्राप्त भएको थियो ।

### ४.२.२ असल नागरिक बनाउन बिद्यालयमा जोड दिएका बिषयहरु सम्बन्धि सरोकारवालाहरुको प्रतिक्रिया

बिद्यार्थीलाई असल नागरिक बनाउन के कस्तो बिषय बस्तुमा जोड दिनुपर्छ होला भनि बिद्यार्थी, शिक्षक, प्र.अ., बिद्यालय ब्यबस्थापन समिति र बिद्यालय निरिक्षक एवं स्रोत ब्यक्तिलाई प्रश्न सोधिएको थियो र तिनिहरुवाट आएको प्रतिक्रियालाई तालिकमा प्रस्तुत गरिएको छ ।

**तालिका ४.९ बिद्यालयमा बिद्यार्थीलाई असल नागरिक बनाउन जोड दिएका बिषयहरु सम्बन्धि सरोकारवालाहरुको धारणा**

| प्रतिक्रियाहरु | जम्मा ब्यक्ति | प्रतिक्रियाहरु | जम्मा ब्यक्ति |
|---|---|---|---|
| शारिरिक बिकास | ५ | नेतृत्वदायी भुमिका | ११ |
| समाज शिक्षा | २१ | आपसी सम्बन्ध स्थापनामा जोड | ३ |
| नैतिक शिक्षा | २५ | समावेशीकरण | १६ |
| बौद्धिक बिकास | १५ | सहयोग र सदाचार | ३ |
| मानव अधिकार | १५ | अतिरिक्त क्रियाकलाप | ३ |
| वालमैत्री वातावारण | २ | ब्यबहारमा सुधार | ५ |

स्रोतः स्थलगत सर्वेक्षण, २०६८

माथिको तालिका अनुसार असल नागरिक बन्नका लागी बिद्यालयले सुधार गर्नुपर्ने क्रियाकलाप बारे सरोकारवाला बाट प्रतिक्रिया लिएको थियो उनीहरुवाट प्राप्त प्रतिक्रिया अनुसार नैतिक शिक्षा प्रदान गर्नुपर्नेमा सवैभन्दा बढि २५ जनाको प्रतिक्रिया प्राप्त भएको थियो। त्यसैगरी समाज शिक्षा सम्बन्धि ज्ञान प्रदान गरी सामाजिक प्राणीको रुपमा नागरिकलाई बिकास गर्न जोड दिनुपर्नेमा २१ जनाको प्रतिक्रिया प्राप्त भएको थियो । साथै समावेशीकरणमा जोड दिनुपर्नेमा १६ जना, बौद्धिक बिकास र मानव अधिकारमा १५/१५ जना, नेतृत्वदायी भुमिकामा ११ जना, शारिरिक बिकास र ब्यबहारमा सुधारमा

५/५ जना साथै आपसी सम्बन्ध स्थापनामा जोड, सहयोग र सदाचार र अतिरिक्त क्रियाकलापमा ३/३ जना एवं वालमैत्री वातावारण बनाउनु पर्दछ भन्नेमा २ जनाको प्रतिक्रिया प्राप्त भयो तसर्थ बिद्यालयमा असल नागरिक उत्पादन गर्नका लागी बिद्यार्थीहरुलाई माथि उल्लेखित बिषय सम्बन्धि ज्ञान प्रदान गर्नुपर्ने पाइयो । बिद्यार्थीहरुलाई कोरा कितावी ज्ञानको सट्टा ब्यबहारिक ज्ञान, गुणस्तरिय शिक्षामा जोड, पेशाप्रति प्रतिबद्ध हुन प्रेरित गर्नुपर्ने बताईएको पाईयो । बिशेष गरेर बर्तमान प्रतिष्पर्धाको समयमा प्रयोगात्मक ज्ञानदिने विषयबस्तुहरु समावेश गर्न बिद्यालयले जोड दिनुपर्ने पाइयो ।

### ४.२.३ नागरिक शिक्षा सम्बन्धि बिषय बस्तुलाई प्रभावकारी बनाउने उपायहरु

नागरिक शिक्षा सम्बन्धि बिषय बस्तु प्रभावकारी बनाउन के गर्नुपर्ला भनि बिद्यार्थी, शिक्षक, प्र.अ. ब्यबस्थापन समिति र बिद्यालय निरिक्षक एवं स्रोत ब्यक्तिलाई प्रश्न सोधिएको थियो । उनीहरुवाट प्राप्त प्रतिक्रियाहरुलाई तल तालिकामा प्रस्तुत गरिएको छ ।

**तलिका ४.१० नागरिक शिक्षा सम्बन्धि बिषयबस्तुलाई प्रभावकारी बनाउने उपाय सम्बन्धि सरोकारवालाहरुको प्रतिक्रिया**

| प्रतिक्रिया | जम्मा ब्यक्ति |
|---|---|
| प्रशस्त अभ्यास गराउने खालको बिषय बस्तु समावेश गर्ने | २१ |
| बिद्यार्थीको रुची र चाहना अनुकुल बनाउने | १९ |
| रोजगारमूलक र ब्यवसायिक बनाउने | १८ |
| समय अनुसार पाठ्यक्रम र बिषयबस्तुलाई परिमार्जन र संसोधन गर्ने | १३ |
| स्थानिय स्तरमा पाठ्यक्रम निर्माण गर्ने | ७ |
| उमेरको आधारमा पाठ्यक्रम निर्माण गर्ने | ४ |
| प्रयोगात्मक पाठहरु समावेश गर्ने | ४ |

स्रोतः स्थलगत सर्वेक्षण, २०६८

माथिको तालिकाको आधारमा नागरिक शिक्षा सम्बन्धि बिषय बस्तुलाई प्रभावकारी बनाउन प्रशस्त अभ्यास गराउने खालको बिषय बस्तु समावेशगर्नुपर्नेमा २१ जनाको प्रतिक्रिया प्राप्तभएको छ । तसर्थ प्राप्त प्रतिक्रिया अनुसार प्रसस्त अभ्यास गराउन मिल्ने खालको बिषयबस्तु नागरिक शिक्षामा समावेश गर्नुपर्ने पाइयो । त्यसैगरी बिद्यार्थीको रुची र चाहना अनुकुलको बिषयबस्तु हुनुपर्नेमा १९ जना, रोजगार मुलक र ब्यवसायिक बनाउनुपर्नेमा १८ जना, समय अनुसार परिमार्जन र संसोधन गर्नुपर्नेमा १३ जना स्थानिय स्तरमा पाठ्यक्रम निर्माण गर्नुपर्नेमा ७ जना, उमेरको आधारमा पाठ्यक्रम निर्माण

गर्नुपर्ने र प्रयोगात्मक पाठहरु समावेश गर्ने भन्नेमा ४/४ जनाको प्रतिक्रिया प्राप्त भएको छ । मुख्यरुपमा माथि उल्लेखित कुराहरुको साथसाथै समय र परिवेश अनुसार बिषय बस्तुलाई कार्यान्वयन गर्दै बिद्यार्थीको रुची र चाहना अनुकुल बिषयबस्तुको प्रशस्त अभ्यास गराउँदै गएमा नागरिक शिक्षाका बिषय बस्तुहरु प्रभावकारी हुने देखियो ।

नागरिक शिक्षाको पाठ्क्रमलाई बिद्यार्थी केन्द्रित कसरी गराउन सकिन्छ होला भनि शिक्षक, प्र.अ., बिद्यालय व्यबस्थापन समिति, स्रोत ब्यक्ति र बिद्यालय निरिक्षकलाई प्रश्न सोधिएको थियो जसवाट आएको प्रतिक्रियालाई तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका ४.११ नागरिक शिक्षाको पाठ्यक्रमलाई बिद्यार्थी केन्द्रित बनाउन गनुपर्ने कार्यहरु सम्बन्धि सरोकारवालाहरुको प्रतिक्रिया**

| प्रतिक्रियाहरु | जम्मा ब्यक्ति | प्रतिक्रियाहरु | जम्मा ब्यक्ति |
|---|---|---|---|
| स्थानिय पाठ्क्रममा जोड | १६ | सवैतहमा नागरिक शिक्षा अनिवार्य गनुपर्ने | १० |
| सरल पाठ्क्रमको बिकास | १४ | बिद्यार्थी क्रियाकलापमा बिशेष जोड | १६ |
| पठ्यक्रम समस्या केन्द्रित हुनुपर्ने | १२ | अवलोकन र शैक्षिक भ्रमणमा जोड | ३ |
| पाठहरुलाई ब्याबहारिक जिवनसंग मेल खाने हुनुपर्ने | १२ | बालमैत्री वातावरणमा शिक्षण कार्य | ११ |

स्रोतः स्थलगत सर्वेक्षण, २०६८

माथिको तालिका अनुसार नागरिक शिक्षाको पाठ्यक्रमलाई बिद्यार्थी केन्द्रित बनाउन गनुपर्ने कार्यहरु सम्बन्धि सरोकारवालाहरुको प्रतिक्रियामा सवैभन्दा बढि स्थानिय पाठ्यक्रममा जोड र बिद्यार्थी क्रियाकलापमा बिशेष जोड भन्नेमा १६/१६ जनाको प्रतिक्रिया प्राप्त भएको छ तसर्थ स्थानिय पाठ्यक्रम निर्माण गरी बिद्यार्थी क्रियकलापमा बिशेष प्राथमिकता दिएमा नागरिक शिक्षाको पाठ्यक्रम बिद्यार्थी केन्दित हुने पाईयो त्यसैगरी सरल पाठ्यक्रमको बिकास भन्नेमा १४ जना, पाठ्क्रम समस्या केन्द्रित हुनुपर्ने र पाठहरुलाई ब्यबहारिक जिवनसंग मेल खाने हुनुपर्नेमा १२/१२ जना र बालमैत्रीवातावरणमा शिक्षण कार्य गर्नु पर्नेमा ११ जना, सवैतहमा नागरिक शिक्षा अनिवार्य गर्नुपर्नेमा १० जना र अध्ययन अवलोकन भ्रमणमा जोड दिनुपर्नेमा ३ जनाको प्रतिक्रिया प्राप्त भएको थियो । प्राप्त प्रतिक्रियाहरुलाई बिष्लेषण गर्दा स्थानिय रुपमा पाठ्यक्रम निर्माण गरी सरल पाठ्क्रमको बिकास गरेर ब्यबहारिक रुपमा अध्ययन गराउँदा नागरिक शिक्षाको पाठ्यक्रमलाई बिद्यार्थी केन्द्रित बनाउन सकिने पाईयो ।

### ४.३ नागरिक शिक्षाका लागि विद्यालयमा भइरहेका क्रियाकलापहरु

नवलपरासी जिल्लाको गैंडाकोट गा.वि.स. वडा नं. १ मा अवस्थित श्री नेपाल राष्ट्रिय शंमसेर आदर्श माध्यामिक विद्यालय र वडा नं. ७ मा रहेको श्री नारायणी माध्यामिक विद्यालयमा नागरिक शिक्षा सम्बन्धी विभिन्न जानकारी दिनको लागि उक्त क्षेत्रमा प्रत्यक्ष उपस्थित भइ सम्वन्धित सरोकारवाला व्यक्ति संग आवश्यक सूचना संकलन गरिएको थियो । अध्ययनबाट प्राप्त सूचनाहरुलाई निम्नानुसार व्याख्या गरिएको छ ।

#### ४.३.१ कक्षाकोठा भित्र हुने क्रियाकलाप

कक्षाकोठामा शिक्षक विद्यार्थी र पाठ्यक्रम बिच हुने गतिविधिलाई कक्षाकोठाभित्र हुने क्रियाकलाप भनिन्छ । विद्यार्थीलाई असल नागरिक बनाउन कक्षा कोठा भित्र के कस्तो क्रियाकलापहरु गराइएको छ भन्ने प्रश्नमा विभिन्न साधन निर्माण गरी सरोकार वालाहरुबाट सूचनाहरु संकलन गरिएको थियो । विद्यालय व्यवस्थापन समिति स्रोत व्यक्ति, विद्यालय निरिक्षक, विशेषज्ञलाई राम्रो संग कक्षाकोठाभित्रको वातावरण थाहानहुने हुँदा प्रश्न गरिएको थिएन । सम्वन्धित सरोकार वाला बाट प्राप्त प्रतिक्रियाहरु निम्नानुसार प्रस्तुत गरिएको छ ।

**तालिका ४.१२ कक्षाकोठा भित्रका क्रियाकलाप सम्बन्धित सरोकारवालाहरुको प्रतिक्रिया**

| प्राप्त प्रतिक्रिया | जम्मा व्यक्ति | प्राप्त प्रतिक्रिया | जम्मा व्यक्ति |
|---|---|---|---|
| कक्षाकोठा सरसफाई | २५ | कक्षा गीत गायन र प्रार्थना | १० |
| कक्षाकोठा व्यवस्थापन | १५ | शिक्षक विद्यार्थी बीच छलफल अन्तर्क्रिया | १६ |
| शिक्षण सिकाइ क्रियाकलाप | ३० | प्रयोगात्मक विषयको अभ्यासकार्य | १३ |
| कक्षाकोठा सजावट | ५ | शिक्षकलाई स्वागत र साथीहरुबीच मेलमिलाप | ४ |

स्रोतः स्थलगत सर्वेक्षण, २०६८

माथि उल्लेखित तालिकाको अध्ययन अनुसार विद्यालयको कक्षाकोठामा हुने क्रियाकलाप मध्ये शिक्षण सिकाइ भनि प्रतिक्रिया दिने ३० जना थिए । कक्षाकोठा भित्र शिक्षकलाइ स्वागत क्रियाकलाप एवं साथीहरुबिच मेलमिलाप हुनुपर्दछ भनि प्रतिक्रिया दिने ४ जना मात्र थिए । यसरीनै कक्षाकोठाको सरसफाई, दैनिक कक्षाकोठाको व्यवस्थापन कक्षाकोठाको सजावट कक्षागीत गायन र प्रार्थना शिक्षक विद्यार्थी बीच छलफल अन्तर्क्रिया र प्रयोगात्मक विषयको अभ्यास जस्ता क्रियाकलाप भएको स्पस्ट हुन्छ । विद्यार्थीलाई असल नागरिक बनाउन विद्यालयमा कक्षाकोठा सरसफाइ, व्यवस्थापन र सजावट कक्षागीत

गायन र  प्रार्थना, शिक्षक विद्यार्थीहरुबीच छलफल, प्रयोगात्मक अभ्यास, मेलमिलाप जस्ता क्रियाकलाप कक्षा कोठा भित्र हुने गरेको पाइयो ।

### ४.३.२  कक्षाकोठा बाहिर हुने क्रियाकलापहरु

विद्यालयमा विद्यार्थीहरुलाई पाठ्यक्रम सम्बन्धि कक्षाकोठाभित्र हुने अध्ययन कार्य बाहेक विद्यालय परिसरमा सञ्चालन गरिने सम्पूर्ण क्रियाकलापहरुलाई विद्यालयको कक्षाकोठाको बाहिर हुने क्रियाकलाप भनिन्छ । यहाँ विद्यालयको कक्षा बाहिर सञ्चालन गरिएको के कस्तो क्रियाकलापहरुले नागरिक शिक्षा प्रदान गर्न सहयोग गर्छ भन्ने प्रश्नमा आधारित भई बिभिन्न सरोकारवालाहरुसंग सूचना संकलन गरिएको थियो । प्राप्त सूचनाको आधारमा संकलित प्रतिक्रियाहरु निम्नानुसार तालिकामा उल्लेख गरिएको छ -

**तालिका ४.१३ विद्यार्थीलाई असल नागरिक बनाउन विद्यालयले कक्षाबाहिर सञ्चालन गरेको क्रियाकलापहरु सम्बन्धित सरोकारवालाहरुको प्रतिक्रिया**

| प्राप्त प्रतिक्रिया | जम्मा व्यक्ति | प्राप्त प्रतिक्रिया | जम्मा व्यक्ति |
|---|---|---|---|
| शारीरिक व्यायाम | ४ | फूलवारी निर्माण र गोडमेल | ७ |
| सरसफाइ कार्यक्रम | २१ | स्वागत कार्यक्रम | ४ |
| पुस्तकालय प्रयोग | ११ | बादबिवाद प्रतियोगिता | ४ |
| कथाकविता वाचन | ३ | निवन्धलेखन प्रतियोगिता | २१ |
| समान सहभागिता | १९ | पुरस्कार वितरण कार्यक्रम | ८ |
| शैक्षिक भ्रमण | १२ | हाजिरीजवाफ प्रतियोगिता | १० |
| खेलकुद | १७ | लोकनृत्य प्रतियोगिता | ५ |
| सदन बाँडफाँड | ८ | चित्रकला प्रतियोगिता | ७ |
| हिज्जे प्रतियोगिता | ७ | बृक्षारोपण कार्यक्रम | १२ |

स्रोतः स्थलगत सर्वेक्षण, २०६८

माथि उल्लेखित तालिकालाई आधार मान्दा विद्यार्थीलाई असल नागरिक बनाउन विद्यालयमा कक्षाकोठा बाहिर हुने क्रियाकलापहरुको भूमिका अत्यन्त महत्वपूर्ण रहने पाइयो । अध्ययनबाट प्राप्त प्रतिक्रियाहरुमा सवैभन्दा बढी सरसफाई कार्यक्रम र निवन्धलेखन प्रतियोगिताको महत्वलाई जोड दिएको पाइन्छ । सरसफाई कार्यक्रम र निवन्धलेखन प्रतियोगिता मा २१/२१ जनाको प्रतिक्रिया प्राप्त भएको छ । विद्यालय बाहिर हुने क्रियाकलापहरुमा समान सहभागिता र खेलकुदको पनि अत्यन्त महत्व रहेको अध्ययनबाट पुष्टि हुन्छ । पुस्तकालयको प्रयोग र हाजिरीजवाफ प्रतियोगिताले विद्यार्थीलाई बौद्धिक

क्षमताको विकास गराउने पाइयो । त्यस्तै कथाकविताको वाचन, समान सहभागिता, सदन बाँडफाँड, बादविबाद प्रतियोगिता जस्ता कार्यक्रमले विद्यार्थीमा कुशल नेतृत्वदायी भूमिका निर्माणमा सहयोग पुऱ्याउने पाइयो । फुलवारी गोडमेल र सरसफाई, लोकनृत्य प्रतियोगित र चित्रकला प्रतियोगिता जस्ता कार्यक्रमले विद्यार्थीलाई रचनात्मक बन्न जोड दिन्छ । विद्यार्थीलाई विद्यालयमा हुने बाहिरी क्रियकलापले जोश जाँगर, नेतृत्वदायी भूमिका, रचनात्मक क्षमताको विकास गराउन मद्दत मिल्ने हुनाले यस्ता क्रियाकलापको मद्दतले विद्यार्थीलाई असल नागरिक बन्नमा जोड दिने प्रतिक्रिया पाइयो ।

### ४.३.३ विद्यालयमा गरिएका सिकाइका क्रियाकलापले समाजमा पारेको प्रभाव

असल समाज निर्माणको लागि असल नागरिकको महत्व रहन्छ भने असल नागरिकको निर्माण विद्यालयमा सिकाइने नागरिक शिक्षाको महत्व रहेको हुन्छ । तसर्थ विद्यालयमा सिकाइने क्रियाकलापले समाजमा प्रत्यक्ष अप्रत्यक्ष प्रभाव पार्दछ भन्दा अत्युक्ति नहोला । विद्यार्थीलाई सिकाइका क्रियाकलापले समाजमा के कस्ता प्रभाव पारेको हुन्छ भनि अध्ययन संग सम्वन्धित सरोकारवालाहरुसंग विभिन्न प्रश्न सोधिएको थियो । तिनै सरोकारवालाहरुको प्रतिक्रियालाई तलको तालिकामा प्रस्तुत गरिएको छ –

**तलिका ४.१४ विद्यार्थीलाई विद्यालयमा सिकाइएको क्रियाकलापले समाजमा पारेको प्रभाव सम्वन्धि सरोकारवालाहरुको प्रतिक्रिया**

| प्रतिक्रिया | जम्मा व्यक्ति |
|---|---|
| असल एवं सभ्य नागरिकको उत्पादन | २५ |
| समाजमा सकारात्मक सोचको विकास र परिवर्तन | २२ |
| व्यक्तित्व विकासमा प्रेरणा | १२ |
| चेतनाको विकास | २० |
| समुधुर सम्वन्ध स्थापनामा जोड | ११ |
| समाजमा सहिष्णुताको विकास | ६ |
| अन्धविश्वासको अन्त्य | १० |
| सहयोगी भावनाको विकास | ७ |
| सृजनात्मक कार्यको थालनी | ८ |
| नागरिक कर्तव्यको ज्ञान | २० |

स्रोतः स्थलगत सर्वेक्षण, २०६८

कुशल समाज निर्माणको लागि कुशल नागरिकको महत्व रहन्छ । तसर्थ कुशल नागरिक निर्माणको लागि विद्यालय शिक्षाको सकारात्मक प्रभाव विद्यार्थीमा परेको हुनुपर्दछ । यस अध्ययनले पनि विद्यालय शिक्षा अथवा विद्यालयमा सिकाइने क्रियाकलापले विद्यार्थीमा र तत्पश्चात समाजमा कस्तो प्रभाव पारेको छ भन्ने कुरालाइ प्रष्ट पारेको पाइन्छ । यस अध्ययनबाट पनि के पाइयो भने विद्यार्थीलाई विद्यालयमा सिकाइएको क्रियाकलापले समाजमा असल एवं सभ्य नागरिकको उत्पादन, चेतनाको विकास तथा समाजमा सकारात्मक सोचको विकासमा टेवा पुग्ने पाइयो । विद्यालयमा सिकाइने क्रियाकलापले विद्यार्थीलाई सम्यम, अनुशासित, रचनात्मक र दृढ निर्णय लिन सक्ने बनाउने हुनाले समाजमा पनि तिनै गुणहरु असल नागरिकको रुपमा देखा पर्ने सरोकारवालाहरुको प्रतिक्रियाले जनाएको प्रष्ट पाइयो ।

### ४.३.४ असल नागरिक बन्नका लागि विद्यालयले सुधार गर्नुपर्ने क्रियाकलापहरु

बर्तमान समयमा विद्यालय क्षेत्रबाट विद्यार्थीलाई असल नागरिक बनाउन भए गरेका क्रियाकलापहरु सवै उपयुक्त र सन्तोषजनक छैन । तसर्थ विद्यालयले थप के कस्ता क्रियाकलापहरु गर्न सकिन्छ भनि अध्ययन संग सम्बन्धित सरोकारवालाहरुलाई विभिन्न प्रश्न गरिएको थियो । तिनै प्रश्नहरुवाट प्राप्त प्रतिक्रियालाई तलको तालिकामा प्रस्तुत गरिएको छ –

**तलिका ४.१५ असल नागरिक बनाउनका लागि विद्यालयले सुधाार गर्नुपर्ने क्रियाकलापहरु**

| प्रतिक्रिया | जम्मा व्यक्ति |
|---|---|
| व्यवहारिक एवं व्यबसायिक ज्ञानको सुरुवात | २० |
| गुणस्तरिय शिक्षामा जोड | १५ |
| नागरिक शिक्षा अध्यापनमा जोड | १० |
| प्रतिभाको पहिचान तथा उचित मूल्यकंन | १४ |
| शिक्षकद्धारा पेशाको सम्मान | १० |
| राजनीतिक वातावरणको अन्त्य | ५ |

स्रोतः स्थलगत सर्वेक्षण, २०६८

नागरिक शिक्षाको विकास अथवा विद्यार्थीलाई कुशल नागरिक बनाउनका लागि विद्यालय बाट भइरहेका क्रियाकलापहरु सवै सन्तोषजनक पाइदैन । के कस्ता समस्या रहेका के कस्ता कमजोरी र त्रुटिहरु रहेको छन् तिनीहरुको उचित खोज र सम्वर्धनको लागि अध्ययन संग सम्वन्धित विभिन्न सरोकारवालाहरुबाट प्राप्त प्रतिक्रिया हेर्दा व्यवहारिक ज्ञानको कमि र यसमा विशेष जोड दिनुपर्ने मा २० जनाले प्रतिक्रिया दिएका छन् । त्यस्तै गुणस्तरिय शिक्षाको कमि र विद्यार्थीको प्रतिभाको मूल्याकंन गर्ने

पद्धतीमा परिवर्तन गर्नुपर्ने अत्यन्त आवश्यक रहेको अध्ययनले देखाएको छ । विद्यालय क्षेत्र भित्र हुने शिक्षक तथा विद्यालय व्यवस्थापन समितिमा हुने गरेको राजनैतिक खिचातानिले विद्यार्थीको पढाइमा प्रतिकूल असर परिरहेको र शिक्षकको पेशा प्रति वफादारित नभएका कारण उचित शिक्षा आदान प्रदानमा समस्या टड्कारो रुपमा उठिरहेको छ तसर्थ यि समस्याहरुको निराकरण पश्चात मात्र विद्यार्थीलाई असल नागरिक बनाउन सजिलो हुने अध्ययनले देखाएको छ ।

# अध्याय पाँच

## प्राप्ति निष्कर्ष र सुझाव

बिभिन्न साधनहरुको निर्माण गरी तोकिएको स्थानमा गई सरोकारवाला हरुवाट संकलन गरिएको सुचनाहरुलाई बिश्लेषण र व्याख्या गरी बिभिन्न प्राप्ति निष्कर्ष र सुझाब निकालिएको छ । उक्त प्राप्ति निष्कर्ष र सुझावहरु अनुसन्धानको उद्देश्यको आधारमा निम्न अनुसार  उल्लेख गरिएको छ ।

### ५.१ मुख्य प्राप्तिहरु

सुचना संकलनको लागि बिभिन्न सरोकारवाला बाट प्रतिक्रियाहरु संकलन गरिएको थियो । अध्ययन अनुसन्धान कार्यमा बिभिन्न मान्यता वा सिद्धान्तहरुको बिश्लेषण, विवेचना र संश्लेषण पछि प्राप्त हुने नतिजालाई प्राप्ति भनिन्छ । यस अध्ययनको प्राप्तिहरुलाई निम्न बमोजिम उल्लेख गरिएको छ ।

### ५.१.१ नितिगत प्रावधान सम्बन्धि प्राप्तिहरु

- विद्यालयमा नियमहरु वा विद्यालयको आचारसंहिता निर्माण गरिएको पाईयो । विद्यालयमा तय गरिएका आचारसंहिता विद्यार्थीहरुलाई पालन गर्न प्रेरित गरेमा असल नागरिक उत्पादन गर्न सकिने अनुसन्धानवाट प्राप्त भयो ।
- विद्यालयले शिक्षा ऐन र नियमावलीलाई विशेष ध्यान दिएको पाईयो ।
- प्र.अ. को मातहतमा बस्नुपर्ने, पेशाप्रति वफादार हुनुपर्ने, विद्यार्थीको मनोविज्ञानको आधारमा शिक्षण गर्नुपर्ने, दैनिक पाठ योजना बनाई विद्यार्थी केन्द्रित विधि प्रयोग गरी बालमैत्री वातारणमा शिक्षण गर्नुपर्ने जस्ता नियमहरु शिक्षकले पालन गर्नुपर्ने पाईयो ।
- शिक्षकले भनेको मान्नुपर्ने, नबुझेको कुरा शिक्षकलाई सोध्नुपर्ने, अनिवार्य गृहकार्य गर्नुपर्ने, कक्षामा मनिटरले भनेको मान्नुपर्ने, विद्यालय वातावरण एवं कक्षाकोठा सरसफाई गर्नुपर्ने जस्ता नियमहरु विद्यार्थीले पालन गर्नुपर्ने पाइयो।
- विद्यालयले तय गरेका आचारसंहिता तथा नियमहरु पालन गर्ने विद्यार्थीलाई असल विद्यार्थीको रुपमा लिएको पाईयो ।
- समाज र राष्ट्रको आवश्यकता, समाजमा रहेका मुल्यमान्यताहरु नेपालको शिक्षा ऐन नियमावली, शिक्षाको राष्ट्रिय उद्देश्यहरु, विद्यार्थीको रुचि चाहना र आवश्यकताको आधारमा विद्यालयले आफ्नो आचारसंहिता निर्माण गर्नुपर्ने पाईयो ।

- नागरिक शिक्षा सम्बन्धि ज्ञान प्रदान गर्न निर्माण गरिएका नियमहरु पक्षपात रहित जातिय र वर्गिय विभेद अन्त्य गर्ने खालका हुनुपर्ने प्रतिक्रिया पाईयो ।
- समाजमा रहेका बिभिन्न बिकृती बिसंगति एवं अन्धविश्वास हटाउन सक्ने र संस्कृति र सभ्यताको संरक्षण गर्न सक्ने खालका नियमहरु नागरिक शिक्षामा समेटिनुपर्ने प्रतिक्रिया पाईयो ।

### ५.१.२ विषयवस्तु सम्बन्धि प्राप्तिहरु

- नागरिक शिक्षा विषय ऐच्छिक विषयको रुपमा राखिएको तर माध्यमिक तहमा पढाई नभएको पाईयो।
- विद्यार्थीलाई असल, दक्ष, सक्षम र प्रतिभावान बनाउन सक्ने सम्पूर्ण पाठ्यक्रम र विषयवस्तुहरुलाई नागरिक शिक्षा सम्बन्धि पाठ्यक्रम र विषयवस्तुहरु भनिएको पाईयो ।
- विद्यालयमा पढाई भईरहेको विषयहरु मध्ये नेपाली, सामाजिक अध्ययन, विज्ञान, अर्थशास्त्र र स्वास्थ्य जनसंख्या तथा वातावरण शिक्षाका केही पाठहरुले नागरिक शिक्षा प्रदान गर्न सहयोग पुऱ्याएको पाईयो ।
- नागरिक शिक्षाको पाठ्यक्रमलाई विद्यार्थी केन्द्रित वनाउन वाल मनोविज्ञान अनुसार शिक्षण गरेको, स्थानिय पाठ्यक्रममा जोड दिएको, अवलोकन र भ्रमणमा जोड दिएको पाईयो ।
- अन्तरार्ष्ट्रिय स्तरमा प्रतिष्पर्धा गर्न सक्ने जनशक्ति तयार गर्ने, सामाजिक मुल्य मान्यता सामुहिक र सहकार्यमा जोड दिने खालका विषय वस्तु नागरिक शिक्षामा आवश्यक भएको पाईयो ।
- पाठ्यक्रम वाहेक विद्यालय वातावरणमा दैनिक प्रार्थना, सफा विद्यालय पोशाकमा उपस्थित हुने, अतिरिक्त क्रियाकलाप सरसफाई र समयको पालन जस्ता विषयवस्तु रहेको प्रतिक्रिया पाईयो ।
- नागरिक शिक्षा प्रदान गर्न विद्यालयले आत्म निर्भर नागरिक तयार गर्न ब्यवहारिक एवं ब्यवसायिक शिक्षा जस्ता विषय वस्तुमा जोड दिनुपर्ने प्रतिक्रिया पाईयो ।

### ५.१.३ क्रियाकलाप सम्बन्धि प्राप्तिहरु

- विद्यालयमा सञ्चालन गरिएका वौद्धिक ज्ञान वढाउने कार्यक्रमहरु एवं अतिरिक्त क्रियाकलापहरु र खेलकुद जस्ता क्रियाकलापहरु नागरिक शिक्षा संग सम्वन्धित भएको पाईयो ।
- विद्यालयमा पाठ्यक्रम र बिषय वस्तु अध्ययन अध्यापन गराउँदा गरिने क्रियाकलापहरु जस्तै छलफल, अन्तर्क्रिया, गृहकार्य, प्रयोगात्मक अभ्यास जस्ता क्रियाकलापहरुले असल नागरिक बन्न सहयोग गरेको पाईयो ।

- शैक्षिक भ्रमण, खेलकुद, सदन बाँडफाँड, बृक्षारोपण, पुरस्कार वितरण, पुस्तकालय प्रयोग, विद्यार्थी भर्ना जस्ता क्रियाकलाप विद्यालय बाहिर भएको पाईयो जसले विद्यार्थीहरुलाई असल नागरिक बन्न अभिप्रेरित गरेको पाईयो।
- कक्षागित गायन, शिक्षकलाई कक्षामा स्वागत क्रियाकलाप, शिक्षक विद्यार्थी अन्तर्क्रिया प्रयोगात्मक विषयको अभ्यास, कक्षाकोठा सरसफाई व्यबस्थापन र सजावट जस्ता क्रियाकलापहरु कोठाभित्र भएको पाईयो । जसले गर्दा विद्यार्थीहरुलाई परिश्रमी, चिन्तनशील र कर्मशील बन्न सहयोग पुर्‍याएको पाईयो।
- शिक्षक विद्यार्थी वीच अन्तर्क्रिया, विद्यालय वरिपरि सरसफाई विद्यार्थीलाई शारिरीक दण्ड दिने जस्ता क्रियकलापमा सुधार गर्नपर्ने प्रतिक्रिया पाईयो ।

## ५.२ निष्कर्षहरु

निष्कर्ष नै सुचना तथा तथ्यांकको संकलन, विष्लेषण र ब्याख्या पछि त्यसवाट निकालिएको अन्तिम निचोड हो । अनुसन्धान पश्चात सुचनाहरुको संश्लेषण, विश्लेषण र ब्यख्यावाट प्राप्त निष्कर्षलाई निम्नानुसार उल्लेख गरिएको छ ।

ज्ञान सीप र क्षमता प्रदान गरी असल नागरिक उत्पादन गर्ने शिक्षानै नागरिक शिक्षा हो । आफ्ना अधिकार र कर्तब्य प्रति सचेत नागरिक मुल्य मान्यता प्रति प्रतिवद्ध, असल खरावको विश्लेषण गर्न सक्ने नागरिक तयार गर्नु नागरिक शिक्षाको उद्देश्य हो  अर्कोतर्फ हेर्ने हो भने राष्ट्र र राष्ट्रियताप्रति चिन्तनशिल नागरिक तयार गर्नु नागरिक शिक्षाको लक्ष्य हो । विद्यालयमा शिक्षक र विद्यार्थीले पालन गर्नुपर्ने आचार संहिता र क्रियाकलाप जस्ता प्रावधानहरु रहेको पाईन्छ । विद्यालयमा रहेका आचार संहिता र नियमहरु पालन गर्नाले नै ब्यक्ति पछि गएर असल नागरिक बन्न सक्दछ । सूचनाहरुवाट प्राप्त प्रतिक्रियाको अधारका यस अध्ययनमा विश्लेषण गरिएका विद्यालयमा शिक्षक र विद्यार्थीले पालनगर्नुपर्ने सम्पुर्ण नियमहरुलाई आचार संहिता भनिन्छ । शिक्षक बिद्यार्थीले पालन गर्नुपर्ने आचारसंहिताहरु शिक्षा ऐन नियमावली भित्र रही स्थानिय परिवेश विद्यार्थीको रुचि र ईच्छा अनुसार विद्यालयले निर्माण गरेको हुन्छ । यसरी निर्माण गरिएका आचार संहिताहरु असल नागरिक बन्न र असल नागरिकको भुमिका निर्वाह गर्न सहयोग पुर्‍याउने खालका हुन्छन् ।

सरोकारवालाहरुवाट प्राप्त प्रतिक्रिया अनुसार नागरिक शिक्षा प्रदान गर्न निर्माण गरिएको नियमहरु पक्षपात पुर्ण ब्यवहार अन्य गर्ने जातिय तथा बर्गिय विभेद अन्त्य गर्ने, सामाजिक बिकृति एवं अन्धविश्वास हटाउन सक्ने खालका हुनुपर्छ । यस्ता नियमहरुलाई कार्यान्वयन गर्न जोडदिनुपर्ने निष्कर्ष

प्राप्त भएको थियो । एकपटक निर्माण भएका नियमहरु समय अनुसार परिमार्जन गरी समयसापेक्ष व्यवहारिक र बैज्ञानिक बनाउँदै लग्नुपर्ने निष्कर्ष प्राप्त भएको छ ।

प्राप्त प्रतिक्रियाको आधारमा विद्यालयमा भएका सम्पुर्ण पाठ्क्रम र विषयवस्तुहरुले नागरिक शिक्षा प्रदान गर्न सहयोग गरेका हुन्छन् । विद्यार्थीको रुचि चाहना र आवश्यकताको आधारमा निर्माण गरिएको पाठ्यक्रम र विषयवस्तुहरुनै प्रभावकारी रुपमा कार्यान्वयन गर्न सकिने पाईयो। नगरिक शिक्षा संग सम्बन्धित विषयवस्तुहरुले विद्यार्थीलाई सक्षम, दक्ष र योग्य वनाउन मद्दत गर्दछ। तसर्थ यस्ता विषयवस्तुहरु प्रयोगात्मक ब्यवसायिक र जिवनोपयोगी हुनुपर्ने निष्कर्ष प्राप्त भएको छ । विद्यालयमा पढाई भईरहेका विषयहरु मध्ये नेपाली, विज्ञान, सामाजिक अध्ययन, अर्थशास्त्र र स्वास्थ्य जनसंख्या तथा वातावरण शिक्षाले नागरिक शिक्षा प्रदान गर्न प्रत्यक्ष सहयोग गरिरहेको छ । नागरिक शिक्षालाई माध्यमिक तहमा ऐच्छिक विषयको रुपमा राखिएको हुँदा विद्यालयमा अध्ययन अध्यापन नभएको पाईयो तर पनि अन्य बिषयहरुले नागरिक ज्ञान प्रदान गर्न मद्दत गरेको पाईयो । नागरिक शिक्षा संग सम्वन्धित पाठ्यक्रम र विषयवस्तुहरु प्रभावकारी वनाउनको लागी स्थानिय स्तरको आवश्यकता, सामाजिक मुल्यमान्यता जस्ता कुराहरु एवं मानवअधिकार र विधिको शासन जस्ता विषयवस्तुहरु समावेश गर्न सकिन्छ । दैनिक जिवनोपयोगी विषयवस्तुहरु समावेश गरी समाजमा नै अभ्यास गराउन सकिने खालका विषयवस्तुहरु समावेश गर्न सकेमा विद्यार्थीलाई असल नागरिक वनाउन नागरिक शिक्षाले सहयोग पुऱ्याउने निष्कर्ष निकालिएको छ ।

समाजमा मिलेर वस्ने, अरुप्रति अभद्र ब्यवहार नगर्ने, सवैप्रति असल भाव राख्ने, अरुलाई सम्मान सत्कार गर्ने जस्ता क्रियाकलाप असल नागरिकले पालन गर्ने क्रियाकलाप हुन् भनि समाजले मान्यता दिएको पाईयो । यस्ता क्रियाकलापको अभ्यास गराउने थलो विद्यालय हो । विद्यालयको कक्षा भित्र गरिने कक्षा शिक्षण छलफल आदि क्रियाकलापले सक्रिय रुपमा कार्य गर्न सक्ने कर्मठ योग्य नागरिक तयार गर्न सहयोग पुऱ्याउँछ साथै विद्यालय वाहिर गरिने विभिन्न खेलकुदले अनुशासन पालना गर्न मद्दत गर्दछ । कक्षाकोठा वाहिर गरिने बक्तृत्वकला, हाजिरीजवाफ, शैक्षिक भ्रमण जस्ता क्रियाकलापले चिन्तनगर्ने कुनैपनि कुरालाई वैज्ञानिक समयसापेक्ष सोच्ने वानिको बिकास गराउने हुँदा यस्ता क्रियाकलापहरुमा सरोकारवालाहरुले जोड दिएका छन् । नागरिक शिक्षा संग सम्बन्धित क्रियाकलापले विद्यार्थीलाई असल वन्ने प्रेरणा र हौसला प्रदान गर्दछ जसको अन्तिम प्राप्ति नै असल, कर्मठ, र रचनात्मक एवं सिर्जनात्मक नागरिक उत्पादन हो भन्ने प्रतिक्रिया प्राप्त भएको छ ।

## ५.३ सुझावहरु

अध्ययन गर्ने क्रममा विभिन्न चरणहरुमा प्राप्त भएका सूचनाहरुको विश्लेषण र व्याख्यागरेर हेर्दा निम्न अनुसारका सुझाव दिन उपयुक्त पाइयो ।

- समाजमा रहेका विकृति विसंगति र अन्धविश्वास हटाई सामाजिक न्याय प्रदान गर्न सक्ने नितिनियमहरु विद्यालयमा निर्माण गर्नुपर्दछ ।
- विद्यालयमा निर्माण गरिएका आचार संहिताहरु पक्षपातपुर्ण ब्यावहार हटाउने र जातिय र वर्गिय विभेद अन्त्य गर्ने खालका हुनुपर्दछ ।
- सहकार्य, आपसी सद्भाव, सामाजिक एकता र समझदारीता विकास गर्न सक्ने खालका नितिनियमहरु निर्माण गर्न आवश्यक देखिन्छ ।
- विद्यालयमा आचारसंहिताहरु निर्माण गर्दा शिक्षाको राष्ट्रिय निति र उद्देश्य अनुरुप हुनुपर्नेछ ।
- विद्यालयका आचारसंहिताहरु ब्यवहारिक र कार्यान्वयनमा ल्याउन सकिने बनाउनु पर्नेछ ।
- माध्यमिक तहमा नागरिक शिक्षा विषय अनिवार्य विषयको रुपमा ब्यवस्था गर्नुपर्ने पाइयो ।
- नागरिक शिक्षाको पाठ्यक्रम तथा पाठ्यपुस्तक विद्यार्थीहरुलाई स्वावलम्वी र आत्मनिर्भर बनाउने, आफ्नो कर्तब्य, अधिकार र जिम्मेवारी वहन गर्न सक्ने खालका विषयवस्तुहरु समावेश गर्नुपर्ने पाइयो ।
- सामाजिक सद्भाव, सहकार्य, लाई जोड दिने खालका विषयवस्तुको ब्यवस्था गर्नुपर्ने देखिन्छ।
- नागरिक शिक्षाको पाठ्यक्रममा राष्ट्रिय अन्तर्राष्ट्रिय स्तरमा प्रतिष्पर्धा गर्न सक्ने नागरिक उत्पादन गर्न उत्प्रेरित गर्ने विषयवस्तुहरु समावेश गर्नुपर्ने पाइयो ।
- विद्यालयमा नागरिक शिक्षाको पाठ्यक्रम विषयवस्तुलाई सहयोग गर्ने खालका क्रियाकलापहरु विद्यार्थीहरुलाई गराउनुपर्ने पाइयो ।
- असल नागरिक संग सम्वन्धित क्रियाकलाप सिक्ने ठाउँ भनेको विद्यालय भएको हुँदा असल नागरिक संग अनुकरणीय क्रियाकलापहरु विद्यार्थीहरुलाई गराउनुपर्ने पाइयो ।
- सामुहिक रुपमा खेलिने खेलहरु अन्य बौद्धिक ज्ञान बढाउने खालका अतिरिक्त कार्यक्रमहरु विद्यालयहरुमा हुने गरेको कम पाईएकोले अतिरिक्त क्रियाकलापका कार्यक्रमहरु आयोजना गरी विद्यार्थीहरुलाई भाग लिन प्रेरणा दिनुपर्ने पाइयो ।
- असल नागरिक संग सम्बन्धित क्रियाकलाप जस्तै अरुको कुरा ध्यान दिएर सुन्ने सुक्ष्म रुपमा अवलोकन गर्ने सामुहिक कार्यमा सहभागी हुने जिवनोपयोगी क्रियाकलापहरु विद्यालयमा विद्यार्थीहरुलाई गराउनुपर्ने पाइयो ।

- बिभिन्न समयमा विद्यार्थीहरुलाई अध्ययन अवलोकन भ्रमण गराउनुपर्ने पाइयो ।
- नागरिक शिक्षा प्रदान गर्न विद्यालयको कक्षा भित्र र कक्षा बाहिर सम्पुर्ण विद्यार्थीहरुलाई समूहमा बिभाजन गरेर जिम्मेवारी प्रदान गर्नुपर्ने पाइयो ।

## सन्दर्भ सामग्री


अनौपचारीक शिक्षा केन्द्र (२०६७),*अनौपचारिक शिक्षामा शान्ति मानव अधिकार र नागरिक शिक्षा* (२०६७), सानोठिमी भक्तपुरः अनौपचारिक शिक्षा केन्द्र ।

गौतम रमेश प्रसाद (२०६६), *शैक्षिक सूचना केन्द्र संगालो,* सानोठिमी भक्तपुरः शिक्षा बिभाग ।

*पाठ्यक्रम विकास केन्द्र (२०६५), माध्यमिक शिक्षा पाठ्यक्रम विकास निर्देशिका,* सानोठिमी,भक्तपुरः *पाठ्यक्रम विकास केन्द्र ।*

*पाठ्यक्रम विकास केन्द्र ( २०६३), निम्न माध्यमिक तहको पाठ्यक्रम, भक्तपुरः पाठ्यक्रम विकास केन्द्र,सानोठिमी*

भट्टराई, पौडेल र साथीहरु (२०६७), *अनौपचारिक शिक्षामा शान्ति मानवअधिकार र नागरिक शिक्षा सम्बन्धी सहजकर्ता तालिम पुस्तिका,* सानोठिमी भक्तपुरःअनौपचारिक बिकास केन्द्र ।

रिजाल, बिष्णु (२०६८), *उत्तर कोरियाका अनुत्तरित जिज्ञासा,* नागरिक दैनिक, २०६८ असार ३२ गते, रिपब्लिकेसन मिडिया प्रा. लि., काठमाण्डौं ।

सेरिड (२०६०), *विकासको निम्ति शिक्षा,* काठमाडौं : सेरिड ।

शर्मा, गोपीनाथ (२०६६), *नेपालका शिक्षा आयोगका प्रतिवेदनहरु* (तेस्रो संस्करण) डिल्लीबजार काठमाण्डौः मकालु प्रकाशन ।

शिक्षा ऐन (२०२८), काठमाण्डौंः*जनजागृतिशील प्रकाशन,* डिल्लीबजार काठमाण्डौँ ।

शिक्षा आयोगका प्रतिवेदनहरु (२०५९), *मकालु बुक्स एण्ड स्टेशनरी* : पुतलीसडक, काठमाडौं ।

श्रेष्ठ लक्ष्मीप्रसाद, घिमिरे विश्वम्भर (२०६४), *नागरिक शास्त्र (कक्षा ९),* सानोठिमी, भक्तपुरः जनक शिक्षा सामाग्री केन्द्र ।

श्रेष्ठ लक्ष्मीप्रसाद, घिमिरे विश्वम्भर (२०६४), *नागरिक शास्त्र (कक्षा १०),* सानोठिमी, भक्तपुरः जनक शिक्षा सामाग्री केन्द्र ।

ज्ञवाली, दामोदर (२०६०), *नेपालमा नागरिक शिक्षाको पाठ्यक्रम शिक्षण र अन्य गतिविधिहरु,* शैक्षिक ज्योति द्वैमासिक पत्रिका, मंसिर-पुस अंक, (२०६०), काठमाण्डौः तलेजु प्रकाशन

Husen, T. & Postlethwaite, T.(editors) (1985) *The International Encyclopedia of Education*, second Vol.2. UK: Pergamon.

Husen, T. & Postlethwaite, T.(editors) (1995) *The International Encyclopedia of Education*, second Vol.2. UK: Pergamon.

Hardin J. and Rabinowitz W. (1934). *The International Encyclopedia of Educations, in Researc Social Studies* ($5^{th}$ ed.). New York: Collier Macmillan Publisher, Pergamon Press Ltd.

Koirala, B.N and Acharya, S.(2002). *Reflecting on civic education in Nepal*. Dillibazar, Kathmandu: Nepal Cultural Association Building.

Phuyal, B.P. (2063). *Civic Education and Democracy in Nepal*. An Unpublished Ph.D. Dissertation, Tribhuvan University, Kirtipur, Kathmandu.

SPCE (2002). *Reflecting on civic education in Nepal,* A report of baseline survey, Kathmandu: American Center.

Standard Encylopedia of philosophy. Available at http;//plato.standard.edu//

## अनुसूची २.१

## प्रधानाध्यापकको लागि अन्तरवार्ता निर्देशिका

नाम.................................... विद्यालय.................................

### (क) नीति सम्बन्धी प्रश्न

१) तपाईको विचारमा असल नागरिकका गुण वा विशेषता के कस्ता हुन्छन् होला ?

२) तपाईको विचारमा कस्तो विद्यार्थीलाई असल विद्यार्थी भन्न सकिन्छ ?

३) विद्यार्थीलाई समाजको असल नागरिक बनाउन विद्यालयले के कस्तो आचारसंहिता निर्माण गरेको छ?

४) असल नागरिकको भूमिका निर्वाह गर्न शिक्षकहरुको लागि के कस्तो आचारसंहिता बनाउनु भएको छ ?

५) ती आचारसंहिताले शिक्षक, विद्यार्थी र समाजलाई कस्तो प्रभाव पारेको छ होला ?

६) असल नागरिक उत्पादन गर्नको लागि विद्यालयको आचारसंहिता कस्तो हुनुपर्छ होला ?

७) नेपालको वर्तमान सन्दर्भमा समाजले नागरिक शिक्षाको लागि कस्ता खालका कुराहरुमा जोड दिनुपर्ला ?

८) विद्यार्थीलाई असल नागरिक बनाउनका लागि अहिलेको शैक्षिक नीतिमध्ये कुन कुन नीतिहरु सुधार गर्नुपर्ला ?

### (ख) विषयवस्तुसँग सम्बन्धित प्रश्न

१) तपाईको विचारमा विद्यार्थीहरुलाई असल नागरिक बनाउन विद्यालयको हालको पाठ्यक्रममा के कस्ता विषयवस्तुहरु समावेश गरिएका छन् होला ?

२) तपाईको विचारमा कस्ता विषयवस्तुहरु नागरिक शिक्षासँग सम्बन्धित हुन्छन्होला ?

३) नागरिक शिक्षाको अहिलेका विषयवस्तुहरु विद्यार्थीको उमेर, रुची र तह अनुसार सुहाउँदो छ कि छैन होला ? छैन भने के गर्नुपर्ला ?

४) विद्यार्थीहरुलाई असल नागरिक बनाउन के कस्तो विषयवस्तुमा जोड दिनु पर्छहोला ?

५) तपाईको विचारमा नागरिक शिक्षाको पाठ्यक्रमलाई कसरी विद्यार्थी केन्द्रित बनाउन सकिन्छ होला ?

### (ग) क्रियाकलापसँग सम्बन्धित प्रश्न

१) तपाईको विचारमा असल नागरिक र असल समाजसँग सम्बन्धित क्रियाकलापहरु के के हुन् ?

२) विद्यार्थीहरुलाई असल नागरिक बनाउन विद्यालयले के कस्तो क्रियाकलापहरु सञ्चालन गरेको छ ?

३) तपाईको अनुभवमा विद्यार्थीहरुले विद्यालयमा सिकेका क्रियाकलापहरुले समाजमा कस्तो प्रभाव पारेको छ होला ?

४) वर्तमान सन्दर्भमा नागरिक शिक्षाले कस्ता क्रियाकलापमा जोड दिनुपर्ला ?

५) तपाईको विचारमा शिक्षक, विद्यार्थीलाई असल नागरिक बनाउनका लागि शिक्षक विद्यार्थीहरुमा भएको कुन कुन क्रियकलापहरु सुधार गर्नुपर्ला ?

## अनुसूची २.२

## शिक्षकको लागि प्रश्नावली

शिक्षकको नाम .................................  विद्यालयको नाम.......................

अध्यापन विषय..................................  ठेगाना ..................................

### (क) नीति सम्बन्धी प्रश्न

१) तपाईंको विचारमा कस्तो विद्यार्थीलाई असल विद्यार्थी भन्न सकिन्छ ?

२) विद्यार्थीलाई समाजको असल नागरिक बनाउन विद्यालयले के कस्तो आचारसंहिता निर्माण गरेको छ ?

३) असल नागरिकको भूमिका निर्वाह गर्न विद्यालयले शिक्षकहरुको लागि कस्तो आचारसंहिता निर्माण गरेको छ ?

४) ति आचारसंहिताहरु कसरी निर्माण गर्न सकिन्छ होला ?

५) असल नागरिकहरु उत्पादन गर्नका लागि विद्यालयको आचारसंहिता कस्तो हुनुपर्छ होला ?

६) अहिलेको नेपाल सरकारले तय गरेको कुन कुन ऐन, नियमहरुले नागरिक शिक्षालाई सहयोग गर्छ होला ?

७) असल नागरिक बिकास गर्ने सन्दर्भमा अहिलेको नीति, नियमको प्रभाव तपाईको विचारमा कस्तो छ होला ?

   क) विद्यालयमा परेको प्रभाव

   ख) समाजमा परेको प्रभाव

८) नेपालको वर्तमान सन्दर्भमा समाजले नागरिक शिक्षाको लागि कस्ता खालका कुराहरुमा जोड दिनुपर्ला ?

९) विद्यार्थीलाई असल नागरिक बनाउनका लागि शैक्षिक नीतिमध्ये कुन कुन नीतिहरु सुधार गर्नुपर्ला ?

### (ख) विषयवस्तुसँग सम्बन्धित प्रश्नहरु

१) तपाईको विचारमा विद्यार्थीहरुलाई असल नागरिक बनाउन विद्यालयको हालको पाठ्यक्रममा के कस्ता बिषयवस्तुहरु समावेश गरिएका छन् होला ?

२) तपाईले अध्यापन गर्ने विषयको कुन पाठले कसरी नागरिक शिक्षा ज्ञान, सीप र धारण प्रदान गर्न सहयोग गर्छ होला ?

पढाईरहनु भएको विषय..........

| एकाईहरु पाठहरु | सहयोग गर्ने क्षेत्र |
| --- | --- |
| | |
| | |
| | |

३) तपाईको विचारमा कस्ता विषयवस्तुहरु नागरिक शिक्षासँग सम्बन्धीत हुन्छन्होला ?

४) नागरिक शिक्षाको पाठ्यक्रममा सुधार गर्नुपर्ने कुराहरु के के हुनसक्छन् ?

५) तपाईको विचारमा नागरिक शिक्षाको पाठ्यक्रमलाई कसरी विद्यार्थी केन्द्रीत बनाउन सकिन्छ होला ?

६) नागरिक शिक्षाको लागि पाठ्यक्रम संरचनालाई कसरी प्रभावकारी बनाउन सकिन्छ होला ?

७) तपाईको विचारमा नागरिक शिक्षासम्बन्धी विषयबस्तुहरुले विद्यार्थी र समाजलाई कस्तो प्रभाव पारेको छ होला ?

८) असल नागरिक बनाउन के के विषयवस्तुहरुमा जोड दिनु पर्छहोला ?

९) नागरिक शिक्षा सम्वन्धी कुन कुन विषयवस्तुहरु सुधार गर्नुपर्ला ?

## (ग) क्रियकलापसम्बन्धी प्रश्न

१) तपाईको  विचारमा असल नागरिक र असल समाजसँग सम्बन्धीत क्रियाकलापहरु के के हुन ?

२) विद्यार्थीहरुलाई असल नागरिक बनाउन विद्यालयले कक्षा भित्र र बाहिर के कस्तो क्रियाकलापहरु गराएको छ ?

३) असल नागरिक र असल समाजसँग सम्बन्धीत क्रियाकलाप कसरी सिकाउनु हुन्छ ?

४) यसरी विद्यालयमा गरिएको क्रियकालापहरुले समाजमा कस्तो प्रभाव पारेको छ ?

५) वर्तमान सन्दर्भमा नागरिक शिक्षाको लागि विद्यालयले कस्ता क्रियाकलापमा जोड दिनुपर्ला ?

६) तपाईको विचारमा असल नागरिक बन्नका लागि शिक्षक, विद्यार्थीहरुको कुन कुन क्रियाकलापहरुमा सुधार गर्नुपर्ला ?

क) शिक्षक

ख) विद्यार्थी

उत्तर दाताको सही.........................                                        मिति :..........................

## अनुसूची २.३

## बिद्यार्थीको लागि प्रश्नावली

बिद्यार्थीको नाम :.......................                                        बिद्यालयको नाम :......................

कक्षा :        .....................                                        ठेगाना :..................................

### (क) निति सम्बन्धि प्रश्नहरु

१) तिमिहरुले पालना गर्नुपर्ने विद्यालयको नियमहरु के के छन् ?

२) यसरी विद्यालयले तयार गरेको नियम तिमीहरुलाई कस्तो लाग्छ ?

३) विद्यालयले बनाएको नियमहरु मध्ये तिमीलाई सवैभन्दा राम्रो लागेको नियमहरु कुन कुन हुन् ?

४) असल नागरिक बन्नको लागि अन्य के कस्तो नियमहरु बनाउनु पर्छ होला ?

५) तिम्रो विचारमा असल नागरिक बन्न के गर्नु पर्छ होला ?

६) अहिलेको नियमहरु मध्ये कुन कुन नियमहरु सुधार गर्नुपर्ला ?

### (ख) विषयवस्तुसम्बन्धीत प्रश्न

१) तिम्रो विचारमा असल नागरिकका गुण वा विशेषताहरु के कस्ता छन् ?

२) तिम्रो विद्यालयमा असल नागरिक बन्न के के विषयवस्तु पढाई हुन्छ ?

३) तिम्रो विचारमा नागरिक शिक्षा संग सम्बन्धित विषयवस्तु कुन कुन हुन् ?

४) तिमिले अध्ययन गर्ने कुन कुन विषयको कुन कुन पाठले नागरिक शिक्षा प्राप्त गर्न सहयोग गर्छ होला ?

| विषयहरु | पाठहरु |
|---|---|
| | |
| | |
| | |
| | |

५) तिम्रो विचारमा असल नागरिक बन्न के कस्तो विषयवस्तुमा जोड दिनु पर्छ होला ?

६) नागरिक शिक्षा सम्बन्धी कुन कुन विषयवस्तुहरु साधार गर्नुपर्ला ?

## (ग) क्रियाकलापसम्बन्धी प्रश्न

१) तिम्रो विचारमा असल नागरिक र असल समाजसँग सम्बन्धित क्रियाकलापहरु के के हुन् ?

२) तिमीलाई असल नागरिक बनाउन विद्यालयले कक्षा भित्र र बाहिर के कस्तो क्रियाकलाप गराउँछ ?

क) कक्षा भित्र

ख) कक्षा बाहिर

३) तिम्रो विचारमा कस्ता क्रियाकलापहरु गरे असल नागरिक बन्न सकिन्छ होला ?

४) असल नागरिक र असल समाजसँग सम्बन्धीत क्रियाकलापहरु कसरी सिक्छौ ?

५) यसरी गरिएको क्रियाकलापले समाजलाई कस्तो प्रभाव पार्छ होला ?

६) तिम्रो विचारमा असल नागरिक बन्न विद्यालयले के  कस्तो क्रियाकलापमा जोड दिनुपर्ला ?

७) असल नागरिक बन्नका लागि विद्यालयको कुन कुन क्रियाकलापहरुमा सुधार गर्नुपर्ला ?

उत्तरदाताको सही ............................ मिति :...........................

## अनुसूची २.४

## विद्यार्थीको लागि लक्षित समूह छलफल  निर्देशिका

### (क) निति सम्बन्धी प्रश्न

१) तिमीहरुले पालना गर्नुपर्ने विद्यालयको नियमहरु के के छ ?

२) यसरी विद्यालयले तयार गरेको नियम तिमीहरुलाई कस्तो लाग्छ  ?

३) विद्यालयले बनाएको नियमहरु मध्ये तिमीलाई सबैभन्दा राम्रो लागेको नियमहरु कुन कुन हुन् ?

४) असल नागरिक बन्नको लागि अन्य के कस्तो नियमहरु बनाउनु पर्छ होला ?

५) तिम्रो विचारमा असल नागरिक बन्न के गर्नुपर्छ होला ?

६) अहिलेको नियमहरु मध्ये कुन कुन नियमहरु सुधार गर्नुपर्ला ?

### (ख) विषयवस्तु सम्बन्धी प्रश्न

१) तिम्रो विद्यालयमा असल नागरिक बन्न के के विषयवस्तु पढाई हुन्छ ?

२) तिम्रो विचारमा नागरिक शिक्षासँग सम्बन्धीत विषयवस्तुहरु कुन कुन हुन् ?

३) तिमीले अध्ययन गर्ने कुन कुन विषयको कुन कुन पाठले नागरिक शिक्षा प्रदान  गर्न सहयोग गर्छ होला ?

४) तिम्रो विचारमा असल नागरिक बन्न के कस्तो विषयवस्तुहरुमा जोड दिनुपर्छ ?

५) नागरिक शिक्षा सम्बन्धी कुन कुन बिषयवस्तुहरु सुधार गर्नुपर्छ ?

### (ग) क्रियाकलापसम्बन्धी प्रश्न

१) तिम्रो विचारमा असल नागरिक र असल समाजसँग सम्बन्धीत क्रियाकलापहरु के के हुन् ?

२) तिमीहरुलाई असल नागरिक बनाउन विद्यालयले कक्षा भित्र र बाहिर के कस्तो क्रियाकलाप गराउँछ ?

३) तिम्रो विचारमा कस्ता क्रियाकलापहरु गरे असल नागरिक बन्न सकिन्छ होला ?

४) असल नागरिक र असल समाजसँग सम्बन्धि क्रियकालापहरु कसरी सिक्छौ ?

५) यसरी गरिएको क्रियाकलापले समाजलाई कस्तो प्रभाव पार्छ होला ?

६) तिम्रो विचारमा असल नागरिक बन्न बिद्यालयले के कस्तो क्रियाकलापमा जोड दिनुपर्ला ?

७) असल नागरिक बन्नका लागि विद्यालयको कुन कुन क्रियाकलापहरुमा सुधार गर्नुपार्ला ?

## अनुसूची २.५

## विद्यालय ब्यबस्थापन समितिको लागि समूह छलफल निर्देशिका

### (क) नीति सम्बन्धी प्रश्न

१) तपाईको विचारमा असल नागरिकका गुण वा विशेषताहरु के कस्ता हुन्छन् होला ?

२) तपाईको विचारमा विद्यार्थीलाई समाजको असल नागरिक बनाउन बिद्यालयले के कस्ता शैक्षिक नियमहरु बनाएको छ जस्तो लाग्छ ?

३) यसरी विद्यालयले बनाएको शैक्षिक नियम प्रति तपाईहरुको धारणा कस्तो छ ?

४) विद्यालयले बनाएको नियमहरुले समाजलाई कस्तो प्रभाव पारेको छ होला ?

५) तपाईको विचारमा विद्यालयले विद्यार्थीलाई असल नागरिक बनाउन के कस्ता नियमहरु बनाउन आवश्यक छ होला ?

६) तपाईको विचारमा कुन कुन नियमहरु सुधार गर्नु पर्छ होला ?

### (ख) विषयवस्तु सम्बन्धी प्रश्न

१) तपाईको विचारमा कस्ता विषयवस्तु नागरिक शिक्षासँग सम्बन्धित हुन्छन्होला ?

२) तपाईको विचारमा नागरिक शिक्षाको पाठ्यक्रमलाई कसरी विद्यार्थी केन्द्रीत बनाउन सकिन्छ होला ?

३) असल समाजको असल विद्यार्थी बनाउन विद्यालयमा भएको पाठ्यक्रमले समाजलाई कस्तो प्रभाव पारेको छ होला ?

४) विद्यार्थीहरुलाई असल नागरिक बनाउन के कस्तो विषयवस्तुमा जोड दिनु पर्छहोला ?

५) नागरिक शिक्षा प्रभावकारीरुपमा ब्यवहारिक बनाउन के गर्नपर्छ होला ?

## (ग) क्रियाकलापसँग सम्बन्धी प्रश्न

१) तपाईको विचारमा असल नागरिकसँग सम्बन्धीत क्रियकलाप के कस्ता हुन्छन् होला ?

२) विद्यालयमा विद्यार्थीलाई असल नागरिक बनाउन के कस्ता क्रियाकलापहरु गराईएको छ जस्तो लाग्छ ?

३) यसरी विद्यालयले गराएको क्रियाकलापहरु प्रति तापाईको धारणा कस्तो छ ?

४) तपाईको विचारमा विद्यालयले गराएका क्रियाकलापहरुले समाजमा कस्तो प्रभाव पारेको छ होला ?

५) तपाईको विचारमा अहिले नागरिक शिक्षाले कस्तो खालको क्रियाकलापमा जोड दिनु पर्छहोला ?

६) तपाईको विचारमा कुन कुन क्रियाकलापहरु सुधार गर्नुपर्ला ?

## अनुसूची २.६

## विद्यालय निरीक्षक र स्रोत ब्यक्तिका लागि प्रश्नावली

वि.नि. ⁄ स्रोत ब्यक्तिको नाम.............................. कार्यक्षेत्र..........................

ठेगाना....................... अनुभव...........................

## (क) नीति सम्बन्धि प्रश्न

१) तपाईंको विचारमा असल नागरिकका गुण र विशेषताहरु के कस्ता हुन्छन् होला ?

२) विद्यार्थीलाई समाजको असल नागरिक बनाउन विद्यालयले के कस्तो आचारसंहिता निर्माण गर्नु पर्छहोला ?

३) असल नागरिकको भूमिका निर्वाह गर्न विद्यालयले शिक्षकहरुको लागि कस्तो आचरसंहिता निर्माण गर्दा राम्रो हुन्छ होला ?

४) ती आचारसंहिताहरु कसरी गर्न सकिन्छ होला ?

५) अहिले नेपाल सरकारले तय गरेको कुन कुन ऐन नियमहरुले नागरिक शिक्षालाई सहयोग गर्छ होला ?

६) वर्तमान नीति नियमहरुले विद्यार्थी, शिक्षक र समाजलाई कस्तो प्रभाव पारेको छ ?

शिक्षक :..........

विद्यार्थी :.........

समाज :.........

७) अहिलेको सन्दर्भमा नागरिक शिक्षाले कस्ता खालका नीति, नियमहरुमा जोड दिनुपर्छ ?

८) अहिले भएको निति मध्ये कुन कुन नीतिहरु सुधार गर्नुपर्ला ?

### (ख) विषयवस्तु सम्बन्धि प्रश्न

१) तपाईको विचारमा कस्ता विषयवस्तुहरु नागरिक शिक्षासँग सम्बन्धित हुन्छन् होला ?

२) नागरिक शिक्षाको पाठ्यक्रममा सुधार गर्नुपर्ने कुराहरु के के हुनसक्छन् ?

३) तपाईको विचारमा नागरिक शिक्षाको पाठ्यक्रमलाई कसरी विद्यार्थी केन्द्रित बनाउन सकिन्छ होला ?

४) नागरिक शिक्षाको लागि पाठ्यक्रम संरचनालाई कसरी प्रभावकारी बनाउन सकिन्छ होला ?

५) तपाईको विचारमा नागरिक शिक्षासम्बन्धित विषयवस्तुहरुले विद्यार्थी र समाजलाई कस्तो प्रभाव पारेको छ होला ?

६) असल नागरिक बनाउन के कस्तो विषयवस्तुमा जोड दिनुपर्छ होला ?

७) नागरिक शिक्षासम्बन्धी विषयवस्तुहरु प्रभावकारी बनाउन के गर्नुपर्ला ?

### (ग) क्रियाकलापसँग सम्बन्धीत प्रश्न

१) तपाईको विचारमा असल नागरिक र असल समाजसँग सम्बन्धित क्रियाकलापहरु के के हुन् ?

२) असल नागरिक र असल समाजसँग सम्बन्धीत क्रियाकलाप कसरी सिकाउन सकिन्छ होला ?

३) विद्यार्थीलाई असल नागरिक बनाउन विद्यालयले गरेका क्रियाकलापहरु पर्याप्त छन् कि छैन ? छैन भने के गर्नुपर्ला ?

४) विद्यार्थीलाई विद्यालयमा सिकाईएको क्रियाकलापहरुले समाजमा कस्तो प्रभाव पार्न सक्छ ?

५) अहिले नागरिक शिक्षाले कस्ता क्रियाकलापमा जोड दिनुपर्ला ?

६) तपाईको विचारमा असल नागरिक बन्नका लागि शिक्षक विद्यार्थीहरुको कुन कुन क्रियाकलापहरु सुधार गर्नुपर्ला ?

शिक्षक :................

विद्यार्थी :................

उत्तरदाताको सही.......................                मिति :.......................

## अनुसूची २.७

## विषय विशेषज्ञका लागि अन्तर्वार्ता निर्देशिका

### (क) नीति सम्बन्धी प्रश्न

१) असल नागरिकमा हुनुपर्ने गुण वा विशेषताहरु के के हुन ?

२) विद्यालयवाट असल नागरिक उत्पादन गर्न के कस्तो आचार संहिता निर्माण गर्नुपर्दछ ?

३) नागरिक शिक्षाका लागि नेपालको शिक्षा ऐन र नियमको व्यवस्था तपाईलाई कस्तो लाग्छ ?

४) नागरिक शिक्षा सम्बन्धी वर्तमान नीतिहरु कस्तो लाग्छ ? भएका नीतिहरुमा सुधार गर्नुपर्ने के के छन् ?

### (ख) विषयवस्तु सम्बन्धी प्रश्न

१) नागरिक शिक्षा सम्बन्धी उद्देश्यहरु कस्तो लाग्छ ?

२) तपाईको विचारमा नागरिक शिक्षाको पाठ्यक्रमलाई कसरी विद्यार्थी केन्द्रित बनाउन सकिन्छ ?

३) नागरिक शिक्षाको लागि पाठ्यक्रम संरचनालाई कसरी प्रभावकारी बनाउन सकिन्छ होला ?

४) असल नागरिक उत्पादन गर्न के कस्तो विषयवस्तुमा जोड दिनुपर्छ होला ?

## (ग) क्रियाकलाप सम्बन्धीत प्रश्न

१) तपाईको विचारमा असल नागरिक र असल समाजसँग सम्बन्धित क्रियाकलापहरु के के हुन् ?

२) असल नागरिक उत्पादन गर्न विद्यालयले गरेका क्रियाकलापहरु के कस्ता छन् ? र ती पर्याप्त छन् कि छैनन् ? छैनन् भने के गर्नुपर्ला ?

३) विद्यार्थीलाई सिकाईको क्रियाकलापहरुले समाजमा कस्तो प्रभाव पार्न सक्छ ?

४) तापाईको विचारमा असल नागरिक बनाउनका लागि शिक्षक/विद्यार्थीहरुले के कस्ता क्रियाकलापहरु सञ्चालन गर्नुपर्ला ?

# अनुसूची ३

३.१ प्रधानाध्यापकको विवरण

| क. सं. | नाम | विद्यालय | ठेगाना |
|---|---|---|---|
| १ | ईन्द्रराज भट्टराई | श्री नेपाल राष्ट्रिय शं. आ. मा. वि. | गैंडाकोट-१, नवलपरासी |
| २ | कृष्ण सापकोटा | श्री नारायणी मा. वि. | गैंडाकोट-७, नवलपरासी |

३.२ श्री नेपाल राष्ट्रिय शम्सेर आदर्श माध्यमिक विद्यालयका शिक्षकहरुको विवरण

| क्र. सं. | नाम | विषय | ठेगाना |
|---|---|---|---|
| १ | ईन्द्रराज भट्टराई | अर्थशास्त्र | गैंडाकोट-१, नवलपरासी |
| २ | दिवेशकान्त अधिकारी | सामाजिक शिक्षा | देवघाट, चितवन |
| ३ | कृष्णराज भट्टराई | विज्ञान | गैंडाकोट-१, नवलपरासी |
| ४ | श्यामसुन्दर पराजुली | नेपाली | गैंडाकोट-१, नवलपरासी |
| ५ | मेघबहादुर कुमाल | स्वास्थ्य जनसंख्या तथा वातावरण | गैंडाकोट-१, नवलपरासी |

३.३ श्री नेपाल राष्ट्रिय शम्सेर आदर्श माध्यमिक विद्यालयका विद्यार्थीहरुको विवरण

| क्र. सं. | विद्यार्थीको नामावली | कक्षा |
|---|---|---|
| १ | सुवास काफ्ले | १० |
| २ | मिलन भट्टराई | १० |
| ३ | मित्र पौडेल | १० |
| ४ | ओमकुमार रुवालेमगर | १० |
| ५ | भक्तवहादुर श्रीष | १० |
| ६ | विन्दु सापकोटा | १० |
| ७ | बबिता रोकाहा | १० |
| ८ | सुष्मिता गुरुङ्ग | १० |
| ९ | पुनम पाटा | १० |
| १० | ईन्दिरा थापा मगर | १० |
| ११ | कृष्ण दहाल | ९ |
| १२ | नारायणदत्त पौडेल | ९ |
| १३ | विश्व कार्की | ९ |
| १४ | प्रकाश नेपाली | ९ |
| १५ | बिवश गौतम | ९ |
| १६ | बिनिता पौडेल | ९ |
| १७ | बिन्दु गिरी | ९ |
| १८ | आशिका थापा | ९ |
| १९ | रुपा पाटा | ९ |
| २० | रजनी गुरुङ्ग | ९ |

३.४ श्री नारायणी मा. वि. का शिक्षकहरुको विवरण

| क्र. सं. | नाम | विषय | ठेगाना |
|---|---|---|---|
| १ | लक्ष्मी रिमाल | नेपाली | गैंडाकोट-४, नवलपरासी |
| २ | गोविन्द रिमाल | सामाजिक | गैंडाकोट-५, नवलपरासी |
| ३ | होमनाथ पौडेल | विज्ञान | मुकुन्दपुर-२, नवलपरासी |
| ४ | मुक्तिराम तिवारी | अर्थशास्त्र | गैंडाकोट-१, नवलपरासी |
| ५ | चन्द्रकला कोईराला | स्वास्थ्य जनसंख्या तथा वातावरण | गैंडाकोट-४, नवलपरासी |

३.५ श्री नारायणी मा. वि. का विद्यार्थीहरुको विवरण

| क्र. सं. | विद्यार्थीको नामावली | कक्षा |
|---|---|---|
| १ | विष्णु लामिछाने | १० |
| २ | सिर्जना सापकोटा | १० |
| ३ | मनिषा अधिकारी | १० |
| ४ | रिता आलेमगर | १० |
| ५ | सविता त्रिपाठी | १० |
| ६ | यामप्रसाद चालिसे | १० |

| | | |
|---|---|---|
| ७ | दिपक गिरी | १० |
| ८ | नारायण सापकोटा | १० |
| ९ | गणेश कुमाल | १० |
| १० | पुर्णबहादुर दराई | १० |
| ११ | आनन्द कार्की | ९ |
| १२ | माधव चालिसे | ९ |
| १३ | टेकेन्द्र नेपाली | ९ |
| १४ | राजेश दराई | ९ |
| १५ | हरी सुवेदी | ९ |
| १६ | मनिषा परियार | ९ |
| १७ | माधुरी दर्लामी मगर | ९ |
| १८ | गिता गौतम | ९ |
| १९ | भगवती चालिसे | ९ |
| २० | निशा पाण्डे | ९ |

३.६ लक्षित समूह छलफलमा सहभागी श्री नेपाल राष्ट्रिय शम्सेर आदर्श माध्यमिक विद्यालयका विद्यार्थीहरुको विवरण

| क्र. सं. | विद्यार्थीको नाम | कक्षा |
|---|---|---|
| १ | सुवास काफ्ले | १० |
| २ | मिलन भट्टराई | १० |
| ३ | भक्तवहादुर श्रीष | १० |
| ४ | विन्दु सापकोटा | १० |
| ५ | सुष्मिता गुरुङ्ग | १० |
| ६ | ईन्दिरा थापा मगर | १० |
| ७ | कृष्ण दहाल | ९ |
| ८ | प्रकाश नेपाली | ९ |
| ९ | बिवश गौतम | ९ |
| १० | आशिका थापा | ९ |
| ११ | रजनी गुरुङ्ग | ९ |
| १२ | बिनिता पौडेल | ९ |

३.७ लक्षित समूह छलफलमा सहभागी श्री नारायणी माध्यमिक विद्यालयका विद्यार्थीहरुको विवरण

| क्र. सं. | विद्यार्थीको नाम | कक्षा |
|---|---|---|
| १ | यामप्रसाद चालिसे | १० |
| २ | दिपक गिरी | १० |
| ३ | पुर्णबहादुर दराई | १० |
| ४ | विष्णु लामिछाने | १० |
| ५ | मनिषा अधिकारी | १० |
| ६ | रिता आलेमगर | १० |
| ७ | आनन्द कार्की | ९ |
| ८ | टेकेन्द्र नेपाली | ९ |
| ९ | हरी सुवेदी | ९ |
| १० | मनिषा परियार | ९ |
| ११ | माधुरी दर्लामी मगर | ९ |
| १२ | निशा पाण्डे | ९ |

३.८ श्री नेपाल राष्ट्रिय शम्सेर आदर्श माध्यमिक विद्यालयका छलफलमा सहभागी विद्यालय व्यवस्थपन समितिका सदस्यहरुको विवरण

| क्र. सं. | सदस्यहरुको नामावली | पद |
|---|---|---|
| १ | देवी प्रसाद ढकाल | अध्यक्ष |
| २ | देवशरण उपाध्याय | सदस्य |
| ३ | कविराज आचार्य | सदस्य |
| ४ | धनवहादुर पौडेल | सदस्य |
| ५ | महेन्द्र कार्की | सदस्य |
| ६ | शोभाकान्त काफ्ले | सदस्य |
| ७ | बिमला कंडेल | सदस्य |
| ८ | रामचन्द्र बयलकोटी | सदस्य |

३.९ श्री नारायणी माध्यमिक विद्यालयका छलफलमा सहभागी विद्यालय व्यवस्थपन समितिका सदस्यहरुको विवरण

| क्र. सं. | सदस्यहरुको नामावली | पद |
|---|---|---|
| १ | गंगाबहादुर पाण्डे | अध्यक्ष |
| २ | बालुराम कुमाल | सदस्य |

| | | |
|---|---|---|
| ३ | बेदप्रसाद चालिसे | सदस्य |
| ४ | गंगाधर गौतम | सदस्य |
| ५ | बिष्णु कार्की | सदस्य |
| ६ | तिलबहादुर सार्की | सदस्य |
| ७ | मानबहादुर कुमाल | सदस्य |